# उत्कृष्टताको निरन्तरता...

## फेरि एकपटक सर्वाधिक बोनस दर#

रू. ६५* देखि

रू. ८२ सम्म

#आ.व. २०७१/७२ को घोषित बोनसदर
प्रतिवर्ष प्रति हजार बीमाङ्कमा


Email: info@nepallife.com.np
Website: www.nepallife.com.np
www.facebook.com/Nepallife.Insurance

**NEPAL LIFE INSURANCE CO. LTD.**
Heritage Plaza-1, 2nd Floor, Kamaladi
G.P.O. Box No. 11030, Kathmandu, Nepal
Tel: 01-4169082 | Fax: 01-4169079


नेपाल लाइफ इन्स्योरेन्स कं. लि. • सोह्रौं वार्षिक प्रतिवेदन २०७१-२०७२

# नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

किनकि जीवन अमूल्य छ...

## सोह्रौं वार्षिक प्रतिवेदन

२०७१-२०७२

# उत्कृष्टताको निरन्तरता...

## सर्वाधिक बोनस दर#

रू. ८२ सम्म

| बीमा योजना | बीमा अवधि | बोनस दर# |
|---|---|---|
| सावधिक जीवन बीमा | २५ वर्ष भन्दा माथि | रू. ८२।- |
| | २१-२५ वर्षसम्म | रू.७२।- |
| | १६-२० वर्ष सम्म | रू.६५।- |
| | ५-१५ वर्षसम्म | रू.६५।- |
| अग्रिम भुक्तानी | १० वर्ष | रू.६५।- |
| | १५ वर्ष | रू.६५।- |
| | २० वर्ष | रू.६५।- |
| | १५ वर्ष (जीवन सम्बृद्धि) | रू.६२।- |
| | २० वर्ष (जीवन सम्बृद्धि) | रू.६४।- |

#आ.व. २०७१/७२ को घोषित बोनसदर प्रतिवर्ष प्रति हजार बीमाङ्कमा

किनकि जीवन अमूल्य छ...

## क्षेत्रीय एवं शाखा प्रमुखहरू



# नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
# रजिष्टर्ड कार्यालय – मेनरोड, बीरगंज (पर्सा)
# प्रधान कार्यालय –हेरिटेज प्लाजा, कमलादी, काठमाडौंको

# सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०७३/०१/०८ गते बसेको संचालक समितिको २१८औं बैठकको निर्णय बमोजिम कम्पनीको सोह्रौं वार्षिक साधारण सभा निम्न बिषयहरूमा छलफल गर्न देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मितिः– २०७३ साल जेठ ७ गते (तदनुसार २० मई २०१६) शुक्रबार
समयः– बिहान ९:३० बजे
स्थानः– होटल भिष्वा, बीरगंज (पर्सा)

## छलफलको विषयसूचीहरू

### क) सामान्य प्रस्ताव

१. संचालक समितिका तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आ.व.२०७१।०७२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०७२ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७१/०७२ को आय व्यय हिसाव, नाफा/नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण स्वीकृत गर्ने ।
३. लेखा परीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७२/०७३ को लागि लेखा परिक्षक नियुक्ति गर्ने तथा नीजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिले प्रस्ताव गरे बमोजिम बोनस शेयर बापतको कर प्रयोजनार्थ १.३१५८ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
५. संचालक समितिबाट संस्थापक समुह (क) अर्न्तगत रिक्त संचालक पदको बाँकी कार्यकालका लागि गरिएको नियुक्ति अनुमोदन गर्ने ।
६. सर्वसाधारण शेयरधनी समुह(ख) बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने १(एक) जना संचालकको निर्वाचन गर्ने ।

### ख) बिशेष प्रस्ताव

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम बिद्यमान चुक्ता पूँजीको २५ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर बितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धीत शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने ।
२. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम सर्वसाधारण शेयर समुहमा कुल चुक्ता पूँजीको (आ.व.२०७१।०७२ को बोनस शेयर बितरण पश्चात) न्यूनतम ३० प्रतिशत शेयर स्वामित्व पुर्‍याउन आवश्यक हुने शेयरहरू थप साधारण शेयर निष्कासन [Further Public Offering] मार्फत प्रिमियममा जारि गरि पूजी बृद्धि गर्ने र सो सम्बन्धी सम्पूर्ण कार्यहरू गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
३. सर्वसाधारण समुहको शेयर स्वामित्व न्यूनतम ३० प्रतिशत कायम गर्न अपनाउनु पर्ने बिधि, प्रक्रिया, मूल्य निर्धारण गर्ने लगायत सो संग सम्बन्धीत आवश्यक सम्पूर्ण कामकारवाही गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने ।
४. बोनस शेयर तथा सर्वसाधारण समुहमा न्यूनतम ३० प्रतिशत शेयर स्वामित्व कायम गरे पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई तदनुरुप बृद्धि गरि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।
५. कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने । कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रस्ताबित संशोधनमा सम्बन्धीत निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव पारित गर्ने ।
६. कम्पनी ऐन को दफा १०५(१)(ग) बमोजिम आ.व.२०७१।०७२ मा चन्दा शिर्षक अर्न्तगत भएको खर्च अनुमोदन गर्ने ।

### ग) विविध

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिब**

# साधारणसभा सम्बन्धी जानकारी

१) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२) सभामा भाग लिनको लागि प्रतिनिधि(प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन मिति २०७३।०२।०४ गते अपरान्ह ५.०० बजेभित्र कम्पनीको रजिष्टर्ड कार्यालय बीरगंज वा प्रधान कार्यालय, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

३) कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०७३।०१।१६ गते देखि २०७३।०२।०७ गतेसम्म बन्द रहनेछ । मिति २०७३।०१।१५गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भएका सम्पूर्ण शेयरहरू दाखिल खारेजीका लागि मिति २०७३।०१।२४ गते ३ बजेभित्र कम्पनीमा प्राप्त भईसक्नुपर्नेछ । सोही बमोजिम दर्ता किताबमा कायम तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा कायम शेयरधनीहरूले मात्र सो सभाबाट पारित नगद लाभांश तथा बोनस शेयर प्राप्त गर्न सक्नेछन् ।

४) सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ ।

५) कुनै एक शेयरधनीले एक भन्दा बढी ब्यक्तिलाई प्रतिनिधी नियुक्ती गरी पठाएकोमा जसको नियुक्ती सबैभन्दा अघिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ निजलाई मात्र प्रतिनिधीको हैसियतले सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ ।

६) सभामा भाग लिन प्रतिनिधी नियुक्त गरिसकेपछि शेयरधनीहरूले प्रतिनिधी फेरबदल गर्न चाहेमा मिति २०७३।०२।०४ गते अपरान्ह ५:०० बजे भित्र सोको सूचना कम्पनीको रजिष्टर्ड कार्यालय बीरगन्ज वा प्रधान कार्यालय काठमाण्डौ मा दर्ता गराइसक्नु पर्नेछ ।

७) शेयरधनीहरूले ब्यक्त गरेको मन्तब्य वा प्रश्नहरूको सम्बन्धमा संचालक समितिको तर्फबाट संचालकहरूले सामुहिक रूपमा अथवा अध्यक्षज्यूले तोकेको आधिकारीक ब्यक्तिबाट उत्तर दिइनेछ ।

८) संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ ।

९) संचालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले सूचना प्रकाशित गरे बमोजिम हुनेछ । उक्त निर्वाचन सम्बन्धी सूचना तथा कार्यक्रम कम्पनीको प्रधान कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाडौंको सुचना पाटीमा टाँस गरिनेछ ।

१०) नाबालक वा बिक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रूपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

११) संयुक्त रूपमा शेयर खरिद गरिएको अवस्थामा कम्पनीको शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको ब्यक्ति अथवा सर्बसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक ब्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

१२) छलफलका बिषयमध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न ईच्छुक शेयरधनीहरूले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको बिषय कम्पनी सचिब मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुपर्नेछ । सो बिषय अध्यक्षज्यूको अनुमतिले सभामा छलफलका लागि ल्याईए पनि प्रस्ताव वा निर्णयको रूपमा कार्यान्वयन गरिने छैन ।

१३) सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभास्थलमा आउदा झोला (ब्याग ) जस्ता बस्तुहरू नलिइ आउनुहुन अनुरोध गरिन्छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

१४) थप जानकारीका लागि कम्पनीको रजिष्टार्ड कार्यालय बीरगञ्ज वा प्रधान कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।

**नेपाल लाइफ**
इन्स्योरेन्स कं. लि.

रजिष्टर्ड कार्यालय – मेनरोड, विरगञ्ज (पर्सा)
प्रधान कार्यालय – हेरिटेज प्लाजा, कमलादी, काठमाडौं

श्री सञ्चालक समिति
**नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
रजिष्टर्ड कार्यालय, विरगञ्ज, नेपाल ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

..................................जिल्ला..................................न.पा./गा.वि.स......................................बस्ने म/हामी .................................... ले यस कम्पनीको शेयरधनीको हैसियतले २०७३/०२/०७ गते, शुक्रबारका दिन हुने कम्पनीको सोह्रौं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि .................... ......... जिल्ला ...................................न.पा./गा.वि.स. वडा नं. ...........................बस्ने श्री ................................................. लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/पठाएका छौं ।

**निवेदकको**
दस्तखत :
नामः
ठेगानाः
शेयर प्रमाणपत्र नं.ः
शेयरधनी/हितग्राही परिचय नं.
शेयर संख्याः

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको**
हस्ताक्षरको नमूनाः
शेयरप्रमाणपत्र नं.ः
शेयरधनी/हितग्राही परिचय नं.
मितिः

---

**नेपाल लाइफ**
इन्स्योरेन्स कं. लि.

रजिष्टर्ड कार्यालय – मेनरोड, विरगञ्ज (पर्सा)
प्रधान कार्यालय – हेरिटेज प्लाजा, कमलादी, काठमाडौं

**प्रवेश पत्र**

शेयरधनीको नाम ..........................................................................शेयरधनी/हितग्राही परिचय नं..........................शेयर संख्या ..........................मिति २०७३/०२/०७ गते, शुक्रबारका दिन हुने नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सोह्रौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेशपत्र ।

..........................
शेयरधनीको दस्तखत

..........................
ओमप्रकाश पुडासैनी
कम्पनी सचिव

द्रश्टव्यः
१) शेयरधनी आफैंले खाली कोष्ठहरू भर्नु होला ।
२) सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र प्रस्तुत गर्नु अनिवार्य छ ।

# विषय सूची


कम्पनी परिचय
परिकल्पना/अभियान
अध्यक्षज्यूको मन्तव्य
प्रमुख कार्यकारी अधिकृतज्यूको मन्तव्य
१ सञ्चालक समितिको वार्षिक प्रतिवेदन
२१ लेखापरीक्षकको प्रतिवेदन
२३ वासलात
२४ नाफा नोक्सान हिसाब
२५ नगद प्रवाह विवरण
२६ आय-व्ययको हिसाब

अनुसूचीहरू (१-३१)
- वित्तिय विवरण सम्बन्धमा बीमा समितिबाट प्राप्त स्वीकृति पत्र
- धितोपत्र दर्ता तथा निष्कासन नियमावली ०६५ को नियम २२ (१) सँग सम्बन्धित विवरण
- प्रबन्धपत्र तथा नियमावलीमा संशोधन प्रस्ताव
- जीवन बीमा योजनाहरू

# कम्पनी परिचय

नेपालले अबलम्बन गरेको आर्थिक उदारीकरण नीति सँगै आमनेपाली जीवनको सुरक्षा र सम्बृद्धिको चाहनालाई परिपूर्ती गर्ने उद्देश्यले निजी क्षेत्रका ख्यातीप्राप्त औद्योगिक तथा व्यापारिक घरानाहरूको समूहबाट मिति २०५८/०१/२१ मा प्रचलित कम्पनी ऐन तथा बीमा ऐन २०४९ अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रूपमा यस कम्पनी स्थापना भएको हो । जीवन बीमा एक दीर्घकालिन प्रकृतिको व्यवसाय रहेको तथ्यलाई हृदयङ्गम गर्दै कम्पनीले पारदर्शिता र जवाफदेहितालाई पहिलो प्राथमिकतामा राख्दै आएको छ । चुस्त आन्तरिक नियन्त्रण प्रणाली तथा संस्थागत सुशासनको माध्यमबाट कम्पनीले सफलताको पन्ध्रौं वर्ष पार गरी जीवन बीमा व्यवसायको क्षेत्रमा आफूलाई एक अग्रणी कम्पनीको रूपमा उभ्याउन सफल भएको छ ।

यस कम्पनीको अधिकृत पुँजी रू. ५ अर्ब तथा जारी तथा चुक्ता पुँजी रू. १७३.४ करोड रहेको छ । कम्पनीले घोषणा गरेको बोनस शेयर वितरण तथा थप नयाँ शेयर निश्कासन पश्चात चुक्ता पुँजी र जारी पुँजी रू. २४७.७१ करोड हुनेछ । यस कम्पनीले जर्मनी स्थित विश्वको ख्यातीप्राप्त, पुर्नबीमा कम्पनी ह्यानओभर रि-इन्स्योरेन्स कम्पनीसँग पुर्नबीमा गरेको छ ।

कम्पनीले आम जनताको सुरक्षा र सम्बृद्धिको चाहनालाई ध्यानमा राख्दै फरक फरक बीमा योजनाहरू कार्यान्वयनमा ल्याएको छ । यस क्षेत्रमा आफ्नो विशिष्ठ पहिचान स्थापना गर्न कम्पनीले नेपाल लाइफ किनकि जीवन अमूल्य छ… भन्ने ब्राण्डलाई सशक्त बनाउँदै आएको छ ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

## परिकल्पना (VISION)

एक सशक्त जीवन बीमा कम्पनीको माध्यमबाट प्रत्येक परिवारको सुरक्षा र सम्बृद्धिको चाहनालाई पुरा गर्दै उनीहरूलाई आर्थिक रूपमा सुरक्षित बनाई नेपालका प्रत्येक नागरिकको योगदानबाट एक स्वस्थ, सम्बृद्ध राष्ट्र निर्माण गर्ने ।

## अभियान (MISSION)

समाजका प्रत्येक तह र तप्काका मानिसहरूको आर्थिक र सामाजिक आवश्यकताको परिपूर्तिका लागि विभिन्न किसिम र प्रकृतिका आकर्षक बीमा योजनाहरू तर्जूमा गरी आफ्ना ग्राहकहरूलाई सदा उच्चतम र गुणस्तरिय बीमा सेवा प्रदान गर्ने ।



# सोह्रौं वार्षिक साधारण सभामा अध्यक्ष श्री रमेश गुप्ता ज्यू बाट प्रस्तुत मन्तव्य

आदरणिय शेयरधनी महानुभावहरू,

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सोह्रौं बार्षिक साधारण सभामा पाल्नु भएका सम्पूर्ण शेयरधनी एवं आमन्त्रित महानुभावहरूमा हार्दिक स्वागत अभिवादन गर्दछु ।

जीवन बीमाको क्षेत्रमा भिन्नै अस्तित्व र पहिचान बोकेको यस कम्पनीले नीजी क्षेत्रको तर्फबाट जीवन बीमाको विकास र बिस्तारमा खेल्दै आएको भूमिका तथा समिक्षा अवधिमा हासिल महत्वपूर्ण व्यवसायिक सफलताहरूले जीवन बीमाको क्षेत्रमा एक अग्रणी कम्पनीको रूपमा आफूलाई उभ्याउन सफल भएको तथ्य यस सभामा व्यक्त गर्न पाउँदा अत्यन्त गौरवान्वित महशुस गरेको छु । समिक्षा बर्षमा जीवन बीमा क्षेत्रले रू. २४.८३ अर्ब बीमा शुल्क संकलन गरेकोमा यस कम्पनीले मात्रै ८.०९ अर्ब बीमाशुल्क संकलन गरि सर्वाधिक करिब ३३ प्रतिशत बजारहिस्सा हासिल गर्न सफल भएको तथ्य बास्तवमा महत्वपूर्ण उपलब्धी हो । आर्थिक बर्षको अन्त्यतिर देशले भोग्नुपरेको बिनाशकारी भुकम्प र त्यसपछिका पराकम्पहरूका कारण समिक्षा अवधिको अन्तिम त्रैमासमा केही सामान्य प्रभाव पर्न गएको भएतापनि कम्पनीले नयाँ व्यवसायबाट मात्रै रू. ३२९ करोड भन्दा बढि बीमा शूल्क संकलन गरि उच्च बजारहिस्सा ओगट्न सफल हुनुले समग्रमा कम्पनीको चुस्त व्यवस्थापन प्रमाणित गर्दछ । यस सफलताका लागि सम्बद्ध सबैमा हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

श्री बीमा समितिबाट जारी गरिएको नयाँ लगानी नीति अनुरूप विभिन्न परियोजनाहरू मार्फत लगानी बिबिधिकरणको सम्भावना तर्फ कार्य गरिरहेका छौं । कम्पनीको लगानीलाई दीगो र भरपर्दो क्षेत्रमा बिस्तार गरि औषत प्रतिफल बृद्धि गर्न हरसम्भव प्रयास गर्दै आएका छौं । प्रतिकुल परिस्थितिका बाबजुद कुल लगानीको औषत प्रतिफल ८.२७ प्रतिशत कायम गर्न सफल भएका छौं ।

कम्पनीको बित्तिय क्षमता अनुरूप चुक्ता पूँजीलाई बढाउदै लैजाने क्रममा शेयरधनीहरूलाई चुक्ता पूँजीको २५ प्रतिशत बोनस शेयर तथा कर प्रयोजनका लागि १.३१५८ नगद प्रस्ताव गरेका छौं । यसैगरि कम्पनीको संस्थापक र सर्वसाधारण समुहको पूँजी संरचना ७०:३० प्रतिशत कायम गर्न आवश्यक हुने थप साधारण शेयर निश्कासन (FPO) गर्न यसै सभामा प्रस्ताव पेश गरेका छौं । कम्पनीको यस प्रस्तावलाई शेयरधनी महानुभावहरूले अत्यन्त सकारात्मक रूपमा लिनुहुने बिश्वास लिएका छौं । कम्पनीमा संस्थागत सुशासन कायम राख्न विभिन्न समितिहरू क्रियाशिल रहेका छन् । ति समितिहरूले जोखिम व्यवस्थापनका लागि आवश्यक रणनीतिहरूको तर्जूमा र कार्यान्वयन गर्दै आईरहेका छन् । संस्थागत सुशासनको सुनिश्चितता बाटै आम मानिसमा कम्पनी प्रतिको बिश्वास तथा साखमा बृद्धि हुने हुँदा यस दिशामा संचालक समिति र व्यवस्थापन सदा सचेत र क्रियाशिल रहदै आएका छन् ।

अन्त्यमा, कम्पनीको सुसंचालनमा हामीलाई प्राप्त भईरहेको निरन्तर सहयोग र प्रोत्साहनका लागि म श्री बीमा समिति, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड लगायत अन्य सम्बद्ध निकायहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै हाम्रा आदरणीय शेयरधनीहरू, बीमित एवं अभिकर्ताहरूले यस कम्पनी प्रति देखाउनु भएको दृढ बिश्वासको निम्ति हार्दिक धन्यबाद व्यक्त गर्दछु । यसैगरि, कम्पनीको बिकास र बिस्तारमा सदा क्रियाशिल संचालकहरू तथा कर्तव्यनिष्ठ कर्मचारीबर्ग प्रति धन्यबाद व्यक्त गर्दै आगामी दिनहरूमा पनि सदाझै सहयोग र शुभेच्छा प्राप्त भईरहने बिश्वास लिएको छु ।

धन्यबाद ।



# सोह्रौं वार्षिक साधारण सभामा प्रमुख कार्यकारी अधिकृत विवेक झा ज्यू बाट प्रस्तुत मन्तव्य

आर्थिक वर्ष २०७१/७२ को समष्टिगत आर्थिक स्थितिलाई हेर्दा आर्थिक स्थायित्वको पक्ष सबल रहेतापनि आर्थिक गतिविधिले खासै गति लिन नसकेको देखिन्छ । आर्थिक वर्ष २०७१/७२ मा देशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.० प्रतिशतमा संकुचित रहन गयो । देशको अर्थतन्त्र पहिलो ९ महिनामा सामान्य रहेकोमा २०७२ बैशाख १२ गतेको बिनाशकारी महाभूकम्प र तत्पश्चात् आएका पराकम्पहरूको कारण अर्थतन्त्रका समग्र क्षेत्रहरूमा नकारात्मक असर परेकोले अर्थतन्त्र शिथिल हुन गएको देखिन्छ । महाभूकम्पले अर्थतन्त्रमा करिब रू. ७०६ अर्बको क्षति भएको छ । यो नोक्सानी आर्थिक वर्ष २०७१/७२ को कुल गार्हस्थ्य उत्पादनको एक तिहाई हुन आउँछ । यो क्षतिका कारण समग्र आर्थिक वृद्धिदर करिब १.६ प्रतिशत बिन्दुले संकुचन भएको छ । अर्थतन्त्रको यस्तो बिषम परिस्थितिमा पनि समग्र जीवन बीमा व्यवसायमा उत्साहजनक बृद्धि देखिएको छ । जीवन बीमा क्षेत्रको बृद्धिदर करिब ३५ प्रतिशत रहेकोमा यस कम्पनीको बृद्धिदर करिब ४२ प्रतिशत रहेको छ । समिक्षा अवधिमा यस कम्पनीले प्रथम बर्ष बीमाशूल्क तथा कुल बीमाशूल्क आम्दानी दुवैमा सर्वाधिक बजारहिस्सा ओगट्न सफल भएको तथ्य यस गरिमामय सभामा जानकारी गराउँन पाउँदा अत्यन्तै खुशी लागेको छ ।

जीवन बीमा क्षेत्र प्रति आम चासो र सरोकारमा बृद्धि हुदै गएकोले आगामी दिनमा यस क्षेत्रले थप गति लिन सक्ने देखिन्छ । कम्पनीले आ.व.२०७१।०७२ लाई बजारहिस्सामा उल्लेखनिय रूपमा बृद्धि गर्ने उदेश्य राखि तदनुरूपका व्यवसायिक गतिबिधिहरू शसक्त ढंगले संचालन गरिएको थियो । समिक्षा अवधिमा लिएका कतिपय व्यवसायिक रणनीतिहरूको सफल कार्यान्वयनको फलस्वरूप समिक्षा अवधिमा कम्पनीले प्रथम बर्ष बीमा शूल्क आम्दानी करिब रू.३२९ करोड भई कुल बीमाशूल्क आर्जन रू.८०९ करोड गर्न सफल भएका छौं । समिक्षा बर्षमा कुल बीमाशूल्क आम्दानीमा आफ्नो बजार हिस्सा ३१ प्रतिशतबाट बृद्धि भई ३३ प्रतिशत पुर्‍याउन सफल भएकोले समिक्षा वर्ष एक सफल वर्षको रूपमा स्थापित हुन पुगेको छ । चालु आ.व. समेतमा मुलुकमा उत्पन्न प्रतिकुल परिस्थितिका बावजुद कम्पनीको व्यवसायमा आशातित बृद्धि देखिएको छ । यस क्षेत्रमा रहेका केही चुनौतिहरू पार गर्दै अगाडि बढ्न सके जीवन बीमा क्षेत्र मुलुकको राजश्व परिचालनको महत्वपूर्ण क्षेत्रको रूपमा रहने निश्चित छ । जीवन बीमाका लागि दीर्धकालिन अवधिको सरकारी ऋणपत्र जारि गरिएमा वा दीर्धकालिन प्रकृतिको राष्ट्रिय गौरवका आयोजनाहरूमा लगानीका लागि प्रेरित गरिएमा स्वदेशी पूँजी मार्फत मुलुकको सम्बृद्धिको नयाँ ढोका खोल्ने देखिन्छ ।

आम मानिसमा जीवन बीमा आफ्नै लागि हो भन्ने भावना बिकास गर्न जीवन बीमा सम्बन्धी आधारभूत ज्ञान तथा बोनसदर अर्थात प्रतिफलका बारे व्यापक जनचेतना बिस्तार गर्न आवश्यक छ । कम्पनीले यिनै बिषयलाई दृष्टिगत गरि **"बीमितको हित सर्वोपरि हित"** तथा **"सबैका लागि जीवन बीमा**, किनकी जीवन अमूल्य छ" भन्ने नारा सामाजिक जागरणका लागि अगाडि सारेका छौं । बीमितलाई उच्च प्रतिफल दिने प्रयास स्वरूप हाल बिक्रीमा रहेका सम्पूर्ण बीमालेखहरूको बोनसदर न्यूनतम रू.६५ पुगेको र उच्चतम बोनसदर रू.८२ पुगेको छ । कम्पनीमा कार्यरत तमाम अभिकर्ता तथा कर्मचारी बर्गको साथ र सहयोगले सफलताहरू हासिल भईरहेका छन् । कर्मचारी र अभिकर्ता बीचको असल पेशागत सम्बन्धलाई थप प्रगाढ बनाउने छौं ।

समिक्षा अवधिमा मुलुकले भोगेको बिनासकारी महाभूकम्पले हामीलाई सुरक्षात्मक उपायहरूको खोजी समयमै गर्नुपर्ने शिक्षा दिएको छ । भुकम्पमा मृत्यूभएका व्यक्तिहरू मध्ये अत्यन्त न्यून मात्रले जीवन बीमा गरेको पाईएकोले आम मानिसमा जीवन बीमा पुग्न नसकेको तथ्य स्पष्ट देखिएको छ । कम्पनीले हालसम्म महाभूकम्पबाट मृत्यू भएका कुल ४६ जना सम्पूर्णको मृत्यूदावी भूक्तानी गरिसकेको छ । आर्थिक जोखिम न्यूनिकरणको एक उपायको रूपमा जीवन बीमालाई आत्मसाथ गर्न थुप्रै कार्यहरू गर्न बाँकी रहेको छ । सरकार नीजी क्षेत्रको सहकार्यबाट यस दिशामा ठोस कार्य गर्न सकिने बिश्वास लिएका छौं । अन्त्यमा, कम्पनीको सुसंचालनका लागि हामीलाई साथ दिनुहुने श्री बीमा समिति एवं सम्बद्ध सबैमा हार्दिक आभार प्रकट गर्दछु ।

धन्यबाद ।



**श्री विवेक अग्रवाल**
सञ्चालक
संस्थापक समूह

**श्री हरिश्चन्द्र सुवेदी**
सञ्चालक
संस्थापक समूह

**श्री रमेश गुप्ता**
अध्यक्ष
संस्थापक समूह

# सञ्चालक समिति



**श्री कमलेश कुमार अग्रवाल**
स्वतन्त्र सञ्चालक

**श्री राम अवतार अग्रवाल**
सञ्चालक
संस्थापक समूह

**श्री प्रकाश बिक्रम खत्री**
सञ्चालक
संस्थापक समूह

# सञ्चालक समिति



## अध्यक्ष श्री रमेश गुप्ता

श्री रमेश गुप्ताज्यू विभिन्न उद्योग व्यवसायका क्षेत्रमा क्रियाशिल एवं सफल उद्यमी व्यवसायी रूपमा परिचित हुनुहुन्छ । उहाँले प्रतिष्ठित औद्योगिक एवं व्यवसायिक प्रतिष्ठान लक्की ग्रुपको नेतृत्व गर्दै आउनु भएको छ । लक्की ग्रुप बिभिन्न व्यवसायिक क्षेत्रहरू जस्तैः सिमेन्ट उद्योग, वनस्पति घिउ, हाईड्रोपावर, रियल स्टेट एवं आयात निर्यात व्यवसायमा संलग्न रहेको छ । नेपालको औद्योगिक बिकासमा नीजी क्षेत्रको भुमिकालाई स्थापित गर्ने कार्यमा समेत उहाँले सक्रिय योगदान पुर्‍याउँदै आउनु भएको छ ।

## सञ्चालक श्री राम अवतार अग्रवाल

श्री राम अवतार अग्रवालज्यूले कम्पनीको सञ्चालक समितिमा संस्थापक समुहबाट प्रतिनिधित्व गरिरहनु भएको छ । उहाँले २६ वर्ष भन्दा बढि समय बरिष्ठ ईन्जिनियरको रूपमा नेपाल सरकारको विभिन्न सरकारी पदमा एवं विभिन्न सिंचाई तथा निर्माण परियोजनाहरूको योजना प्रमुखको रूपमा समेत कार्य गर्नुभएको छ । हाल उहाँ विभिन्न उद्यम व्यवसायमा क्रियाशिल रहदै विभिन्न सामाजिक कार्यहरूमा समेत संलग्न रहदै आउनु भएको छ ।





## सञ्चालक श्री कमलेश कुमार अग्रवाल

श्री कमलेश कुमार अग्रवालज्यू स्वतन्त्र सञ्चालकको रूपमा सञ्चालक समितिमा प्रतिनिधित्व गरिरहनु भएको छ । उहाँ उद्योग व्यवसायका क्षेत्रमा लामो समयदेखि संलग्न रहदै नेपाल चेम्बर अफ कमर्सको महासचिवको रूपमा निजि क्षेत्रको विकासमा समेत क्रियासिल रहदै आउनु भएको छ । उहाले विगतमा राष्ट्रिय बीमा संस्थानको सञ्चालकको रूपमा समेत योगदान पुर्‍याउनु भएको छ ।



## सञ्चालक श्री हरिश्चन्द्र सुवेदी

श्री हरिश्चन्द्र सुवेदीज्यू कम्पनीको सञ्चालक समितिमा संस्थापक समुहबाट प्रतिनिधित्व गरिरहनु भएको छ । उहाँ बैंक तथा बित्तिय क्षेत्रसंग लामो समयदेखि संलग्न रहदै आउनुभएको छ । उहाँ पेशागत रूपमा अधिवक्ता हुनुहुन्छ र कानूनका क्षेत्रमा अनुभवी व्यक्तित्वको रूपमा परिचित हुनुहुन्छ । उहाँ प्राध्यापन कार्यमा समेत संलग्न हुनुहुन्छ ।

## सञ्चालक श्री विवेक अग्रवाल

श्री विवेक अग्रवालज्यू संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गरिरहनु भएको छ । उहाँ एक युवा उद्यमी व्यवसायीको रूपमा विभिन्न उत्पादन मुलक उद्योग, आयात निर्यात तथा सेवा व्यवसायको क्षेत्रमा कियाशिल हुनुहुन्छ । उहाँ वस्तु तथा सेवा व्यापारको बजारीकरणका विषयमा अनुभवी तथा दक्ष मानिनुहुन्छ ।





## संचालक श्री प्रकाश बिक्रम खत्री

श्री प्रकाश बिक्रम खत्रीज्यू संस्थापक समुहबाट संचालक समितिमा प्रतिनिधित्व गरिरहनु भएको छ । उहाँ पेशागत रूपमा कम्प्यूटर ईन्जिनियर हुनुहुन्छ र बिभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कम्पनीहरूमा कार्य गरेको अनुभव रहेको छ । उहाँ सूचना प्रविधि तथा व्यवस्थापन सूचना प्रणालीका बिषयमा अनुभवी एवं दक्ष मानिनुहुन्छ ।

# "उत्कृष्टताको लागि प्रतिबद्ध"



ओमप्रकाश पुडासैनी
कम्पनी सचिब

कमल पन्थी
सहायक महाप्रबन्धक

अगम मुखिया
सहायक महाप्रबन्धक

रिता शर्मा
पुनर्बीमा प्रमुख

रामेश्वर श्रेष्ठ
वित्त तथा लेखा प्रमुख

सुशिल कुमार चौधरी
वरिष्ठ नायव महाप्रबन्धक

# व्यवस्थापन समूह



विवेक झा
प्रमुख कार्यकारी अधिकृत

सुनिता पोखरेल
आन्तरिक नियन्त्रण
विभाग प्रमुख

दिग्विजय सिंघल
अन्डरराईटिङ् प्रमुख

उमापति पोखरेल
सहायक महाप्रबन्धक

कश्यप शाक्य
ब्राण्ड मैनेजर

# Winner
## New Biz Awards 2013 & 2014
Best Managed Life Insurance Company of the Year



## निरन्तरता सफलताको...

लगातार दोस्रो वर्ष पनि न्यू बिज अवार्ड
प्राप्त गर्न सफल भएकोमा सम्पूर्ण
नेपाल लाइफ परिवार गौरवान्वित महसुस गर्दछ ।

NEPALLIFE
INSURANCE
किनकि जीवन अमूल्य छ...

# वार्षिक प्रतिवेदन
२०७१/७२




**नेपाल लाइफ जीवन उन्नति बीमा योजनाका विशेषताहरू:**

- कम बीमा शुल्कमा जोखिम बहन सहित आकर्षक प्रतिफल प्राप्त हुने
- पूरा अवधि बीमा शुल्क भुक्तानी गर्नु नपर्ने
- बीमा अवधि समाप्ति अगावै निरन्तर रुपमा बीमाङ्कको ६0% धन फिर्ता हुने
- बीमा शुल्क भुक्तानी अवधि सिद्धिएपछि पनि बीमालेख चालु नै रहने
- बीमा अवधि समाप्तिमा एकमुष्ठ बोनस सहित बीमाङ्कको ४0% रकम प्राप्त हुने
- १६ वर्ष देखि ५८ वर्ष सम्मका व्यक्तिहरुको जीवन बीमा हुने
- बीमा चालु भएको १ वर्ष पश्चात ऋण सुविधा उपलब्ध हुने हुँदा सदैव तरलताको सुविधा हुने

*शर्तहरु लागु हुनेछ ।

नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.
किनकि जीवन अमूल्य छ...

# नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
# सोह्रौं वार्षिक साधारण सभामा
# संचालक समितिको तर्फबाट अध्यक्ष श्री रमेश गुप्ताबाट प्रस्तुत
# वार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू,

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको यस सोह्रौं वार्षिक साधारण सभामा पाल्नु भएका आदरणीय शेयरधनी महानुभावहरूलाई संचालक समितिको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दछु ।

अब म कम्पनी ऐन २०६३ को दफा १०९ बमोजिम आर्थिक वर्ष २०७१/०७२ को लेखा परिक्षण प्रतिवेदनको साथ २०७२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणहरू सहितको वार्षिक प्रतिवेदन यहाँहरू समक्ष छलफल एवं स्वीकृतिका लागी प्रस्तुत गर्दछु ।

## विगत वर्षको कारोबारको सिंहावलोकन

आर्थिक वर्ष २०७१/७२ को कम्पनीको व्यवसायिक कारोवार स्थिति, गत वर्षको तुलनामा समीक्षा वर्षमा हासिल गरेका उपलब्धि समावेश गरिएको व्यवसायिक एवं वित्तिय झलक निम्नानुसार प्रस्तुत गरिएको छ ।

### समष्टिगत आर्थिक अवस्था

आर्थिक वर्ष २०७१/०७२ मा देशको कुल ग्रार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा ३.० प्रतिशत रहेको र वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ७.२ प्रतिशत रहेको छ । समीक्षा वर्षको  चौथो त्रैमासिक अवस्थामा २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्प र तत्पश्चात् आएका परकम्पहरूको कारण अर्थतन्त्रका समग्र क्षेत्रहरुमा नकारात्मक असर परेकाले आर्थिक वृद्धिदर न्यून रहन गएको कुरालाई नकार्न सकिन्न । त्यस्तै, देशको कुल बस्तु निर्यात ७.४ प्रतिशतले घट्न गई आयात ८.४ प्रतिशतको बृद्धि रहेकोले व्यापार घाटा कहाली लाग्दो हुंदै गएको छ । समग्र शोधनान्तर स्थितीको हकमा विप्रेषण आप्रवाह, पर्यटन आय तथा अनुदानमा भएको उल्लेख्य बृद्धिका कारण चालु खातामा रू १४४.८५ अर्ब बचत देखिएको छ ।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेपको तुलनामा कर्जा प्रवाह न्यून रहेकोले बैंकिङ्ग क्षेत्रको तरलतामा बृद्धि भएको छ । समीक्षा वर्षमा नगद प्रवाहमा आधारित पूँजीगत खर्च अघिल्लो वर्षको तुलनामा २६.६ प्रतिशतले वृद्धि भई रू. ७७ अर्ब ६७ करोड पुगेको छ । यद्यपी पूँजीगत खर्च बजेट अनुमानको ६६.५ प्रतिशत मात्र पुग्न सकेको छ । पूँजीगत बजेट खर्चमा देखा परेको शिथिलताको कारण देशको अर्थतन्त्रले सकारात्मक गति लिन नसकिरहेको अवस्था छ । बढ्दो आयातका कारण राजश्व परिचालनमा सुधार देखिएतापनि त्यसमा आन्तरिक उत्पादनको योगदान खासै रहेको छैन । आन्तरिक उत्पादनमूलक गतिविधि बढ्न नसकेकोले रोजगारी सृजना हुन नसकि युवाहरू विदेशिने क्रम बढ्दो छ । अर्थतन्त्रमा व्याप्त नैराश्यताले पूर्वाधार एवं उत्पादनशिल क्षेत्रको लगानीमा बिस्तार हुन नसकिरहेको तथा मुद्रास्फितिको दर भन्दा निक्षेपको व्याजदर ज्यादै कम रहेको अवस्थाले गर्दा जीवन बीमाको लगानीको औषत प्रतिफल समेत प्रभावित पर्न गएको देखिन्छ । यस्तो अवस्था सबल अर्थतन्त्रको संकेत होईन ।

## आ.व.२०७१।०७२ को जीवन बीमा व्यवसायको समिक्षा

आ.व.२०७१।०७२ मा जीवन बीमा व्यवसायबाट करिब रू.२४८ करोडको कुल बीमाशूल्क संकलन भई समग्र व्यवसायको बृद्धिदर करिब ३५% रहेको र कम्पनीको कुल बीमाशूल्क आम्दानी करिब रू.८०९ करोड रहन गई कम्पनीको व्यवसाय बृद्धिदर करिब ४२% रहेको छ । समिक्षा वर्षमा कुल बीमाशूल्क आम्दानीमा करिब ३३% तथा प्रथम वर्ष बीमा शूल्कका आधारमा करिब ४१% बजारहिस्सा ओगटी अग्रस्थान हासिल गर्न सफल भएका छौं ।

| आर्थिक वर्ष | मुलुकको कुल जीवन बीमा शुल्क आर्जन (रू.करोडमा) | वृद्धि प्रतिशत | नेपाल लाइफको कुल जीवन बीमा शुल्क आर्जन | वृद्धि प्रतिशत | कुल बीमा शुल्क आम्दानीमा कम्पनीको बजारहिस्सा |
|---|---|---|---|---|---|
| २०६७/६८ | १०४२.२२ | १८.८९% | २३२.०७ | १७.५३% | २२.२७% |
| २०६८/६९ | १३२५.५२ | २७.१८% | ३२०.१२ | ३७.९४% | २४.१५% |
| २०६९/७० | १५४०.३९ | १६.२१% | ३९०.०० | २१.८३% | २५.३२% |
| २०७०/७१ | १८३२.९० | १९.००% | ५६७.९८ | ४५.६४% | ३१.००% |
| २०७१/७२ | २४८२.७० | ३५.४५% | ८०९.३३ | ४२.४९% | ३२.६०% |

## कम्पनीको मूख्य बित्तिय एवं व्यवसायिक अवस्था:

कम्पनीले बिगत केही समयदेखि प्रत्येक आर्थिक बर्षलाई बिशेष रणनीतिक बर्षको रूपमा मनाउदै आईरहेको छ । आ.व.०६९।०७० "बाघ वर्ष" घोषणा गरि बाघको अर्न्तनिहित गुणहरू जस्तैः रणनीतिक, धैर्यबान एवं आक्रामक शैलीलाई कम्पनीको बजार रणनिति बनाईएको थियो । बाघ वर्षले तयार गरेको फराकिलो व्यवसायिक आधारशिला पश्चात आ.व.०७०।७१ लाई "चितुवा वर्ष" घोषणा गरि द्रुतगतिमा आफ्नो बजारहिस्सामा उच्चतम अंश ओगट्ने प्रयास गरिएको थियो । यसै क्रममा समिक्षा बर्षलाई "हात्ती वर्ष" को रूपमा घोषणा गरिएको थियो । समिक्षा अवधिमा नयाँ व्यवसायमा सर्वाधिक रू.३८९ करोड तथा कुल बीमाशूल्क आम्दानी रू.८०९ करोड हासिल भई उच्च बजारहिस्सा ओगट्न सफल भएकोले हात्ती वर्ष सफल बजार रणनीति मान्न सकिन्छ ।

**बाघ बर्ष** आ.व.०६९।०७०



Strategic, Patient, Aggressive

**चितुवा बर्ष** आ.व.०७०।०७१




**हात्ती बर्ष** आ.व.०७१।०७२




| विवरण (रू.करोडमा) | आ.व.२०७०/०७१ | आ.व.२०७१/०७२ | बृद्धि प्रतिशत |
|---|---|---|---|
| कुल बीमाशूल्क आम्दानी | ५६८ | ८०९ | ४२.४३ |
| प्रथम वर्ष बीमा शूल्क आम्दानी | २०२ | ३२९ | ६२.८७ |
| प्रथम वर्ष बीमा शूल्क आम्दानी (बैदेशिक रोजगार म्यादी बीमा सहित) | २७१ | ३८९ | ४३.५४ |
| जीवन बीमा कोष | १७०५ | २३२९ | ३६.६० |
| लगानी | १८३३ | २४५२ | ३३.७७ |
| बजार हिस्सा (कुल बीमा शूल्कका आधारमा) | ३१% | ३३% | |

## TPI/FPI Market Share




## TPI and FPI Growth (In Crores)




## Life Fund Growth (In Crores)




## Investment Growth (In Crores)




## Net Worth Growth (In Crores)




## Product Portfolio



## १. कम्पनीका क्रियाकलापहरू

### (क) कार्यालय बिस्तार

समिक्षा अवधिमा कम्पनीमा कुल १०४ वटा संस्थापनाहरू संचालनमा रहेका छन् । जस्मा ५ वटा क्षेत्रिय कार्यालयहरू रहेका छन् । क्षेत्रीय कार्यालयहरूले क्षेत्रगत बजार प्रवर्द्धन लगायत सम्बन्धीत शाखा कार्यालयहरूको चुस्त संचालनमा आवश्यक सहयोग र समन्वय पुर्‍याउदै आएका छन् । "सबैका लागि जीवन बीमा, किनकी जीवन अमूल्य छ.."भन्ने नारालाई मूर्तरूप दिनका लागि शाखा कार्यालयहरूको सशक्तिकरणमा जोड दिदै घर आँगनमा जीवन बीमा सेवा बिस्तार गर्ने उदेश्य लिईएको छ ।


Chairman Felicitating to staffs for more than 10 yrs service

### (ख) सुचना प्रविधि

कम्पनीले सूचना प्रविधिको माध्यमबाट सेवाको गुणस्तर बढाउन सूचना प्रविधिको बिकास र बिस्तारमा जोड दिदै आएको छ । हाल कम्पनीका सबै शाखा कार्यालयहरू Web based Application मार्फत सञ्चालन हुने गरेको छ । जसका कारण जोखिम न्यूनिकरण तथा प्रकियागत सरलता महशुस गरिएको छ । बीमितहरूले कम्पनीको वेभसाईट मार्फत आफ्नो बीमालेखको अवस्था थाहा पाउन सक्ने व्यवस्था तथा महत्वपूर्ण सन्देशहरू SMS को माध्यमबाट पठाउने व्यवस्था गरिएको छ ।

### (ग) मानव संशाधन बिकास

कम्पनीको समग्र बिकासमा मानव संशाधनको महत्वपूर्ण भूमिका रहने भएकोले आफ्ना कर्मचारीहरूलाई उच्च मनोबलका साथ काम गर्ने बातावरण निर्माण गर्न तथा व्यक्तिगत ज्ञान, शीप एवं बृत्ति बिकासको उचित अवसरहरू प्रदान गर्ने कार्यमा कम्पनी प्रयत्नशिल रहदै आएको छ । कम्पनीमा हाल कार्यरत २९७ जना कर्मचारीहरूको अथक परिश्रम, लगनशिलता तथा आपसी सहकार्यबाट कम्पनीले यस क्षेत्रमा महत्वपूर्ण स्थान ओगटेको हो । कर्मचारीहरूको पेशागत दक्षता अभिबृद्धिका लागि समयानुकुल आन्तरिक एवं बाह्य तालिम कार्यक्रमहरू उपलब्ध गराउदै आएका छौं ।

### (घ) बीमा अभिकर्ता

कम्पनीमा कार्यरत अभिकर्ताहरूको अथक परिश्रम, बिश्वास एवं प्रतिबद्धताका कारण कम्पनीले यस क्षेत्रमा आफ्नो महत्वपूर्ण स्थान हासिल गर्न सफल भएको छ । समिक्षा अवधिमा कम्पनीमा तालिम प्राप्त अभिकर्ताहरू मध्ये कुल १२९८३ जना अभिकर्ताहरू सक्रिय रहेका छन् । हाल प्रति अभिकर्ता बीमालेख संख्या र बीमाशूल्क आम्दानीका आधारमा कम्पनीका अभिकर्ताहरूको पेशागत क्षमता एवं उत्पादकत्वमा बृद्धि हुदै गईरहेको पाईन्छ । बीमा अभिकर्तालाई समाजमा स्थापित र सम्मानजनक पेशा बनाउन कम्पनीले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको र उनीहरूको पेशागत दक्षता अभिबृद्धिका लागि समयानुकुल तालीम कार्यक्रमहरूलाई निरन्तरता दिईएको छ ।

### ङ) दावी भुक्तानी

कम्पनीले आ.व.०७१/०७२ मा जम्मा ८६५ वटा मृत्यु दावी भुक्तानीबाट करिब रू.३४ करोड भुक्तानी गरेको छ । यसैगरि मृत्युदावी, अवधि समाप्ती भूक्तानी, आंशिक अवधि भुक्तानी एवं समर्पण मुल्य भुक्तानी लगायत कुल दावी वापत करिब रू.९८ करोड भुक्तानी गरिएको छ । कम्पनीले मृत्यु दावी भुक्तानीलाई अत्यन्त प्राथमिकता राख्दै आएको र पर्याप्त कागजातहरू नभई फछ्र्यौट हुन बाँकी रहेका मृत्यूदावीहरूलाई समेत यथाशिघ्र फछ्र्यौटका लागि पहल गरिएको छ ।

कम्पनीले भूकम्पबाट मृत्यूहुने बीमितहरूको दावी भूक्तानी प्रक्रियालाई सरलीकृत गरि कुनै पनि शाखा कार्यालयबाट मृत्यूदावी भूक्तानी हुने व्यवस्था गरिएको छ । साथै भूकम्पमा मृत्यू भएका व्यक्तिहरूको घरदैलोमा नै मृत्यूदावी भूक्तानी गरिएको छ । कम्पनीले हालसम्म महाभुकम्पबाट मृत्यू भएका कुल ४६ जना सम्पूर्णको मृत्यूदावी बापत जम्मा रू.२,४२,४८,८०८/–भूक्तानी गरिसकेको छ । भूकम्पका कारण आम बीमितले यथासमयमै बीमाशूल्क बुझाउन नसक्ने परि स्थितिलाई दृष्टिगत गरि महाभुकम्प गएको मिति देखि केही समयका लागि बिलम्ब शूल्क मिनाहा गरेको थियो ।

### (च) कर भूक्तानी

कम्पनीले आ.व.२०७१/०७२ मा कर्मचारी तथा अभिकर्ता समेतको गरि अग्रिम कर कट्टि बापत करिब रू. २६ करोड र कम्पनीको आयमा विभिन्न संस्थाहरूले अग्रिम कर कट्टी बापत करिब रू.२१ करोड गरि सो अवधिमा कम्पनी मार्फत करिब रू ४७ करोड नेपाल सरकारलाई अग्रिम कर भुक्तानी गरिएको छ ।

### (छ) व्यवसायिक भवन संचालन

कम्पनीको कमलपोखरीस्थित व्यवसायिक भवन आममानिसको मनोरन्जन र बस्तु बजारको प्रमुख गन्तव्य स्थलको रूपमा स्थापित भईसकेको छ । अत्याधुनिक भवनका कारण कम्पनीको साख र बजारीकरणमा समेत महत्वपूर्ण योगदान पुग्न गएको छ । आ.व.२०७१/०७२ मा उक्त भवनबाट भाडा तथा अन्य आम्दानी बापत रू.६.३० करोड आम्दानी बाँधिएको छ ।

## २. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई परेको असर

२०७२ बैशाख १२ गते गएको बिनासकारी महाभुकम्पका कारण मुलुकको समग्र अर्थतन्त्र नराम्ररी प्रभावित बन्न पुगेको छ । यसैबीच देशले नयाँ संविधान पाएकोले अर्थतन्त्रमा गतिशिलता आई आर्थिक बिकास तर्फ मुलुक अगाडी बढ्ने आम विश्वासको बिपरित राजनैतिक अन्योल कायम छ । लामो समयसम्म आपुर्ति व्यवस्थामा देखिएको असहज परिस्थितिका कारण सरकारी पूँजीगत खर्चको अवस्था न्यून रही बिकासको गतिबिधि समेत ठप्प प्राय छ । उर्जा संकट, रोजगारी सृजनामा कमी, श्रम शक्तिको पलायन, बढ्दो मुद्रास्फिति एवं लगानीका सीमित क्षेत्रहरूका कारण व्यवसायिक वाताबरण त्यति उत्साहजनक हुन सकिरहेको छैन । समग्र जीवन बीमाको बृद्धिदर भन्दा कम्पनीको व्यवसायिक बृद्धिदर धेरै रहेकोले कम्पनीको व्यवसायमा प्रभाव परेको देखिदैन । नेपालको समष्टिगत आर्थिक बिकास अपेक्षाकृत हुन नसकेको कारण सो को प्रत्यक्ष प्रभाव व्यवसायिक गतिविधिमा परिरहेको हुन्छ । तथापी सबल अर्थतन्त्रमा सृजना हुने थुप्रै अवसरहरूले जीवन बीमा बजारको बिस्तारमा थप मदत पुग्ने देखिन्छ ।

बैकिंङ्ग क्षेत्रमा पर्याप्त तरलताको स्थितिले लामो अवधिको मुद्दती निक्षेपको अवसर संकुचित बन्न पुग्यो । परम्परागत लगानीका क्षेत्रहरूमा मात्र लगानी एकिकृत गर्नुपर्दा केन्द्रित जोखिमको अवस्था रहेको छ र बित्तिय क्षेत्रमा तीब्र प्रतिश्पर्धा तथा सुशासनको अवस्थाका कारण लगानीको सुरक्षणको चिन्ता बिद्यमान छ । श्री बीमा समितिबाट जारी लगानी नीतिले लगानीका लागि नयाँ क्षेत्रहरू खुला गरेकोले त्यस्ता क्षेत्रहरूमा लगानी बिस्तार गरि केन्द्रित जोखिम न्यून गर्न सम्भाव्य परियोजनाहरू छनौट गर्ने कार्य अगाडि बढाईसकेको छ । कम्पनीले बीमा समितिको लगानी निर्देशिका अनुरूप स्वीकृत लगानीका क्षेत्रहरूमा अत्यन्त सुझबुझ एवं होसियार पूर्वक लगानी गर्दै आएको छ । आ.व. २०७१/०७२ को अवधिसम्मको सम्पूर्ण लगानीको औषत प्रतिफल दर ८.२७ रहेको छ ।

## ३. प्रतिवेदन तयार भएको मिति सम्म चालु बर्षको उपलब्धि र भविश्यमा गर्नुपर्ने कुराको सम्बन्धमा संचालक समितिको धारणा :

| क.सं. | विवरण | चालु आ.व.को चैत्र मसान्तसम्म |
|---|---|---|
| १ | कुल बीमालेख संख्या (वैदेशिक रोजगार म्यादी बीमा सहित) | १८१६३८ |
| २ | कुल बीमाशुल्क आम्दानी | रू. ६२६ करोड |
| ३ | प्रथम वर्ष बीमाशुल्क आम्दानी (वैदेशिक रोजगार म्यादी जीवन सहित) | रू. १७६ करोड |

### बीमांङ्कीय मूल्यांकन

कम्पनीको आ.व.२०७१/०७२ को आर्थिक स्थितिको लेखाजोखा र दायित्वको मूल्यांकन सम्बन्धी बीमांङ्कीय प्रतिवेदन बीमा समितिबाट स्वीकृत भई कम्पनीले संचालनमा ल्याएको मुनाफामा सरिक हुने (बोनस आर्जन गर्ने) गरि जारी गरिएका सबै किसिमका जीवन बीमालेखहरू अर्न्तगत उक्त आ.व.का लागि प्रतिबर्ष प्रति हजार बीमांङ्कमा निम्न बमोजिम सर्वाधिक बोनस दर निर्धारण गर्न सफल भएका छौं ।

| बीमा योजना | बीमा अवधि | बोनस दर |
|---|---|---|
| सावधिक जीवन बीमा | २५ वर्ष भन्दा माथि | रू.८२/- |
| | २१-२५ वर्षसम्म | रू.७२/- |
| | १६-२० वर्ष सम्म | रू.६५/- |
| | ५-१५ वर्षसम्म | रू.६५/- |
| अग्रिम भूक्तानी | १० वर्ष | रू. ६५/- |
| | १५ वर्ष | रू. ६५/- |
| | २० वर्ष | रू. ६५/- |
| | १५ वर्ष (जीवन सम्बृद्धि) | रू. ६२/- |
| | २० वर्ष (जीवन सम्बृद्धि) | रू. ६४/- |

## नयाँ बीमा योजनाहरू

## जीवन उन्नति बीमा योजना

कम्पनीले सदाभै आफ्ना मौलिक बिशेषता भएको बीमा योजनाहरू मार्फत आम मानिसको बिश्वास हासिल गर्न सफल भईरहेको परिप्रेक्ष्यमा "जीवनको सुरक्षा र उन्नतिको लागि" मूल नारा रहेको "जीवन उन्नति बीमा योजना" नामक नयाँ सावधिक जीवन बीमा योजना कार्यान्वयनमा ल्याएको छ ।



## योजनाका बिशेषताहरू:

- ◆ १६ देखि ५८ बर्षसम्मका व्यक्तिहरूको जीवन बीमा हुने,
- ◆ सिमित अवधि बीमाशूल्क भूक्तानी गरि बीमा अवधिभर जोखिम बहन हुने,
- ◆ बीमा अवधि भित्र नै बिभिन्न किस्तामा बिमांकको ६० प्रतिशत रकम फिर्ता पाईने
- ◆ बीमा अवधि समाप्तिमा बीमांकको ४० प्रतिशत रकम र एकमुष्ठ बोनस रकम पाईने
- ◆ बीमा चालु भएको १ बर्ष पश्चात ऋण सुबिधा उपलब्ध हुने ।




## टिकापुर शाखा कार्यालयको समुद्घाटन सम्पन्न

कम्पनीले जीवन बीमा बजार बिस्तार गरि सेवाग्राहीहरूलाई उच्चतम जीवन बीमा सेवा उपलब्ध गराउने सिलसिलामा टिकापुर जिल्लामा स्थापना गरेको उपशाखालाई शाखा कार्यालयमा स्तरोन्तति गरि श्री बीमा समितिका अध्यक्ष प्रा.डा. फत्त बहादुर के.सी.ज्यूबाट औपचारिक समुद्घाटन सम्पन्न गरेको छ ।




## वार्षिक सम्मेलन २०७२

आ.व.२०७१।०७२ को व्यवसायिक उपलब्धी एवं कम्पनीको समग्र पक्षहरूमा गहन छलफल गर्ने उदेश्यले कम्पनीका प्रमुख कार्यकारी अधिकृत, बिभागिय प्रमुखहरू लगायत बिभिन्न शाखा तथा उपशाखाका प्रमुखहरू बीच पोखरामा बार्षिक सम्मेलन आयोजना गरिएको थियो । उक्त अवसरमा कम्पनीका संचालकहरू श्री राम अवतार अग्रवाल, श्री कमलेश कुमार अग्रवाल तथा श्री हरिश्चन्द्र सुवेदीज्यूहरूको उपस्थिति रहेको थियो । संचालकज्यूहरूले कम्पनीले हासिल गरेको उच्च व्यवसायिक सफलताका लागि हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्नुभएको थियो ।



## अभिकर्ता सम्मान समारोह

आ.व.२०७१।०७२ को उत्कृष्ट व्यवसायका आधारमा नेपालभरका उत्कृष्ट अभिकर्ताहरूलाई पोखरामा आयोजित एक भव्य कार्यक्रम बीच कदरपत्र तथा पदक सहित सम्मान गरिएको थियो । समिक्षा बर्षको व्यवसायको आधारमा उत्कृष्ट अभिकर्ता श्री जीवन कुमार खत्री तथा उत्कृष्ट एजेन्सी मेनेजर श्रीमति दूर्गा कुमारी क्षेत्री रहनुभएको थियो ।




## शेयर अभौतिकिकरण कार्य

कम्पनीले सिडिएस एण्ड क्लियरिङ्ग लि.संग शेयर अभौतिकरण (Share Demat ) का लागि सम्झौता गरे पश्चात शेयर अभौतिकिकरण कार्यमा शेयरधनीहरूको उत्साहजनक सहभागिता रहदै आएको छ । केन्द्रिय निक्षेप प्रणालीको सदस्य पश्चात धितोपत्र कारोबारको राफसाफ तथा नामसारी कार्य छिटो छरितो र व्यवस्थित भई पूँजीबजारको आधुनिकिरण प्रकृयामा सहयोग पुग्नुका साथै लगानीकर्ताहरूलाई गुणात्मक सेवा प्राप्त हुने भएकोले यस कार्यलाई कम्पनीले प्राथमिकताका साथ अगाडि बढाउदै आएको छ । हाल शेयर कारोबार पूर्ण स्वचालित प्रणाली मार्फत भईरहेको आफ्ना शेयर प्रमाण पत्रहरूको अभौतिकिकरण गरेमा लगानीकर्तालाई शेयर कारोबार सहजता आउने देखिन्छ ।

## संस्थागत सामाजिक दायित्व

कम्पनीले समाज प्रतिको उत्तरदायित्व निर्वाह गर्ने सिलसिलामा २०७२ बैशाख १२ गतेको महाभूकम्पमा चमत्कारीक रूपमा २२ घण्टापछि नेपाली सेनाका टोलीद्धारा उद्धार गरिएका अबोध बालक श्री सोनिस अवाल तथा भुकम्पमा परि दुवै खुट्टा गुमाएका श्री रमेश खत्रीलाई जनही रू.१,००,०००/–(एक लाख) बीमांङ्कको सवाधिक जीवन बीमा नि:शुल्क रूपमा प्रदान गरेको छ । चमत्कारीक रूपमा बाँचेका त्यस्ता व्यक्तिहरू माथि श्री गणेश पाण्डेद्वारा निर्मित चर्चित बृत्तचित्र "भाग्यले बाँचेकाहरू" को बास्तबिक पात्रहरूलाई कम्पनीले उक्त सहयोग प्रदान गरेको हो ।






## भावी योजना

कम्पनीको दीर्घकालिन हित र व्यवसाय प्रवर्द्धनका लागि निम्नानुसारको कार्ययोजना अगाडि सारिएको छ :

- जीवन बीमा सेवालाई समाजका हरेक तह र तप्काका मानिसहरू सम्म बिस्तार गर्न उपयुक्त बीमा योजनाहरू तर्जुमा गरि गुणस्तरिय बीमा सेवा प्रदान गर्ने कार्यमा प्रयासरतः रहने ।
- लगानी विविधिकिकरण गरि औषद आय बृद्धि गर्न तथा बीमीतहरूको प्रतिफल बृद्धि प्रयासरतः रहने ।
- लघु बीमा योजनाको माध्यमबाट आम मानिसमा बीमा सेवा पुर्‍याउने लक्ष्य लिईएको छ ।
- अन्तर्राष्ट्रिय बजार समेतलाई दृष्तिगत गरि नयाँ बीमा योजनाहरू तर्जुमा गरिदै लगिने छ ।
- कम्पनीको सूचना प्रविधिको बिकास र बिस्तारलाई थप तीव्रता दिई कार्यक्षमता र सुरक्षामा बृद्धि गरिने छ ।
- बीमितको सेवा प्रणालीमा गुणात्मक बृद्धि गर्न दावी भूक्तानी प्रक्रियामा सरलीकरण एवं नविकरण बीमाशूल्क भूक्तानीको सहज व्यवस्थाका लागि थप बैंकहरूसंग सहकार्य गर्ने तथा अन्य काउन्टरको व्यवस्था गरिने ।
- व्यवसायिक सम्भाव्यताको आधारमा विदेशमा सम्पर्क कार्यालय स्थापनाको पहल गरिनेछ ।
- कर्मचारी तथा अभिकर्ताहरूको पेशागत दक्षता अभिबृद्धिका कार्यक्रमहरू तर्जुमा गरिनेछ ।

## ४. कम्पनीको औद्यौगिक वा व्यवसायिक सम्बन्ध

कम्पनीको सरोकारवाला बिभिन्न स्वदेशी तथा बिदेशी निकायहरूसंग सुमधुर व्यवसायिक सम्बन्ध कायम रहदै आएको छ । कम्पनीको पुनर्बीमक कम्पनी श्री हेनोभर रिईन्स्योरेन्स कम्पनीसंग असल व्यवसायिक सम्बन्ध रहदै आएको छ।
कम्पनीको बिस्तारित व्यवसायिक दायरा अनुरूप समाजका सबै तहमा पारदर्शी एवं सौहार्दपूर्ण व्यवसायिक सम्बन्ध कायम रहेको छ । कम्पनीमा असल औद्योगिक सुसम्बन्ध बिद्यमान रहेको र यसलाई अझ सुमधुर बनाउन प्रयास गर्दै आएका छौं ।

## ५. संचालक समितिमा भएको हेरफेर र सोको कारण

समिक्षा अवधिमा कम्पनीको संस्थापक शेयरधनीको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्नुहुने संचालक श्री गोबिन्द लाल संघईज्यूले पदबाट राजिनामा दिनुभएकोले उक्त रिक्त संचालक पदको बाँकी अवधिका लागि संचालक समितिले श्री प्रकाश बिक्रम खत्रीज्यूलाई नियुक्त गरेको छ । साथै यस बार्षिक साधारण सभामा सर्वसाधारण शेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्वका लागि निर्वाचन प्रकृया अगाडि बढाईएको छ ।
निवर्तमान संचालक श्री गोबिन्द लाल संघईज्यूले कम्पनी स्थापनाको शूरूको महत्वपूर्ण समयमा कम्पनीको प्रवन्ध संचालकको जिम्मेवारी सम्हाल्नु भएको र मुलुककै जीवन बीमा व्यवसायको द्रुत बिकासमा महत्वपूर्ण भूमिका निभाउनुभएकोमा संचालक समितिको तर्फबाट उहाँलाई हार्दिक कृतज्ञता सहित सम्मान प्रदान गरिएको छ ।



# वार्षिक सम्मेलन २०७२



"वार्षिक सम्मेलनको दौरान कम्पनीका संचालकज्यूहरू, प्रमुख कार्यकारी अधिकृत, विभागीय प्रमुखहरू लगायत शाखा तथा उपशाखा प्रमुखहरू"



# पोखरामा आयोजित वार्षिक



# सम्मेलन २०७२ का सहभागिहरू

# फोटो फिचर



महाभुकम्पमा परि चमत्कारीक रूपमा बाँच्न सफल श्री ऋषि खनाललाई साईन मिडिया द्वारा नेपाल लाइफ मार्फत नि:शुल्क जीवन बीमा प्रदान गरिदै ।



महाभुकम्पमा परि चमत्कारीक रूपमा बाँच्न सफल सुश्री प्रिया विश्वकर्मालाई साईन मिडिया द्वारा नेपाल लाइफ मार्फत नि:शुल्क जीवन बीमा प्रदान गरिदै ।




महाभुकम्पमा परि मृत्यु भएकाहरूको दाबी भुक्तानी प्रदान गर्नुहुँदै कम्पनीका पदाधिकारीहरू ।



महाभुकम्पमा परि मृत्यु भएकाहरूको मृत्यु दाबी भुक्तानी प्रदान गर्नुहुँदै कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री विवेक झाज्यू ।



मृत्यु दाबी भुक्तानी प्रदान गर्नुहुँदै कम्पनीका पदाधिकारी



भुकम्प पिडितहरूलाई राहत सामाग्री वितरण गर्दै कम्पनीका पदाधिकारीहरू ।

# फोटो फिचर



भुकम्प पिडितहरूका लागि राहत सामाग्री वितरणको दौरान कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री विवेक झा ज्यू ।



विभागिय प्रबन्धक श्री उषा पन्तको अनिवार्य अवकाशको अवसरमा सम्मान प्रदान गर्नुहुँदै प्रमुख कार्यकारी अधिकृत ज्यू ।




कम्पनीको बार्षिक सम्मेलनको दौरान पेशागत बीमा अभिकर्ता संघ, बीमक समितिका अध्यक्ष श्री राजेन्द्र अमात्यलाई मायाको चिनो प्रदान गर्नुहुँदै प्रमुख कार्यकारी अधिकृत ज्यू ।




बार्षिक सम्मेलनको अवसरमा पुर्वाञ्चल क्षेत्रीय कार्यालय तथा सो अर्न्तगतका शाखालाई शिल्ड प्रदान गर्नुहुदै कम्पनीका संचालक श्री रामअवतार अग्रवाल ज्यू ।



कान्तिपुर दैनिकको बार्षिकोत्सव कार्यक्रमको अवसरमा बिजेतालाई पदक बितरण गर्नुहुदै कम्पनीका प्रमुख कार्यकारी अधिकृत ज्यू ।



कर्मचारी यूनियनको बार्षिकोत्सव कार्यक्रमका सहभागीहरू ।

## ६. कारोवारलाई असर पार्ने मुख्य कुराहरू

मुलुकमा दीर्धकालिन लगानीको अवसर न्यून भएमा तथा खर्चहरू अनियन्त्रित रहेमा जीवन बीमा व्यवसायलाई प्रतिकुल प्रभाव पर्ने गर्दछ । कारोबारलाई असर पार्ने अन्य बुँदाहरू निम्नानुसार रहेका छन्ः

- तीब्र अस्वस्थ प्रतिस्पर्धात्मक बाताबरण र सो बाताबरणले सृजना गर्ने जोखिम र चुनौति ।
- अस्थिर पूँजीबजारको अवस्था र शेयरमा गरिएको लगानीमा नोक्सानी भएमा सोको नोक्सानी व्यवस्था गर्नुपर्ने भएकोले कम्पनीको तत्कालिन मुनाफामा असर पर्ने ।
- अर्थतन्त्रमा दीर्धकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरूमा मात्र लगानी एकिकृत भईरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहने ।
- बित्तिय क्षेत्रमा न्यून व्याजदरको अवस्था ।
- देशको राजनैतिक परिस्थिति एवं बिभिन्न अवरोधहरूले व्यवसाय बिस्तारमा प्रभाव पर्न सक्ने ।
- बत्तिय क्षेत्रमा देखिएको अश्वस्थ प्रतिश्पर्धा तथा गलत प्रबृत्तिले लगानीको सुरक्षणको चिन्ता उत्पन्न हुने ।
- बढ्दो कारोबारले उत्पन्न गर्ने व्यवसायजन्य चुनौति तथा जोखिमहरू ।
- हाल बैदेशिक रोजगारीमा जाने व्यक्तिहरूमा कमी आएकोले सो को प्रभाव समग्र व्यवसायमा पर्नसक्दछ ।
- भुकम्प, बाढी पहिरो जस्ता प्राकृतिक बिपत्तिमा हुनसक्ने मानविय क्षतिका कारण उत्पन्न जोखिम ।

## ७. लेखा परीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिक्रिया

आ.व.२०७१।०७२ को लेखा परीक्षण प्रतिवेदनमा बिशेष कैफियतहरू उल्लेख नभएको र लेखा परिक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएका सुझाव बमोजिम आवश्यक सुधार गरिएको छ ।

## ८. लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम

संचालक समितिको मिति २०७२/१२/१६ गते बसेको २१७ औं बैठकले शेयरधनी महानुभावहरूलाई चुक्ता पूँजीको २५ प्रतिशत बोनस शेयर तथा कर प्रयोजनका लागि १.३१५८ प्रतिशत नगद लाभांश प्रस्ताव गरेको र उक्त प्रस्ताव सहितको बित्तिय बिवरण यसै साधारण सभामा स्वीकृतिका लागि पेश गरिएको छ ।

## ९. शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरि कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर वापत रकम फिर्ता गरेको भए सोको विवरण

कम्पनीले हालसम्म कुनै शेयर जफत गरेको छैन ।

## १०. विगत आर्थिक बर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रगति र आर्थिक बर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन

कम्पनीको कुनै सहायक कम्पनी छैन ।

## ११. कम्पनी र त्यसको सहायक कम्पनीले आर्थिक बर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरू र सो अवधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तन

कम्पनीको कुनै सहायक कम्पनी नभएको ।

## १२. विगत आर्थिक बर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलव्ध गराइएका जानकारी

समिक्षा बर्षमा त्यस्तो कुनै जानकारी कम्पनीलाई प्राप्त भएको छैन ।

## १३. विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोवारमा नीजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी

कम्पनीका संचालक तथा पदाधिकारीहरूले आ.व.२०७१/०७२ सम्ममा लिएको शेयर स्वामित्वको विवरण निम्न बमोजिम रहेको छ । कम्पनीको शेयर कारोवारमा उहाँहरूको संलग्नताबारे कम्पनीलाई कुनै जानकारी प्राप्त भएको छैन ।

| सञ्चालक | | |
|---|---|---|
| अध्यक्ष | श्री रमेश गुप्ता | १,७३,९२० कित्ता |
| संचालक | श्री गोविन्द लाल संघई* | १८,४४,९७६ कित्ता |
| संचालक | श्री राम अवतार अग्रवाल | ८६,७०० कित्ता |
| संचालक | श्री प्रकाश मुन्दडा* | ५२० कित्ता |
| संचालक | श्री हरिश्चन्द्र सुवेदी | १४४५ कित्ता |
| संचालक | श्री विवेक अग्रवाल | ६०,६९० कित्ता |

| पदाधिकारी | | |
|---|---|---|
| बरिष्ठ नायब महाप्रवन्धक | श्री सुशील कुमार चौधरी | ४३३ कित्ता |
| प्रवन्धक | श्री कृष्ण प्रसाद लम्साल | ३०३ कित्ता |
| उप प्रवन्धक | श्रीमती रीता शर्मा | ५७८ कित्ता |

नोटः *श्री गोबिन्द लाल संघईज्यू तथा श्री प्रकाश मुन्दडाज्यू हाल संचालक पदमा नरहेको ।

## १४. बिगत आर्थिक बर्षमा कम्पनीसंग सम्बन्धित संझौताहरुमा कुनै संचालक तथा निजका नजिकका नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलव्ध गराइएको जानकारीको व्यहोरा

समिक्षा बर्षमा त्यस्तो कुनै जानकारी प्राप्त भएको छैन ।

आ) कम्पनीले कुनै प्रत्याभूति प्रतिबद्धता गरेको छैन ।

इ) कम्पनीमा बीमालेख अन्तर्गत भन्दा बाहेकबाट अन्य कुनै दावि परेको छैन ।

ई) कम्पनीले कुनै पनि ग्यारेण्टी दिएको छैन ।

उ) यस वर्ष कम्पनीको अन्य कुनै दायित्व छैन ।

### २. कम्पनीको समिक्षा आ. ब. २०७१/७२ को दायित्व मूल्याङ्कन गरी मूल्याङ्कन प्रतिवेदन अनुसार रू.४६,७२,२३,४२७/- को रकम नाफा नोक्सान हिसाबमा सारिएको छ ।

### ३. बीमकको सम्पत्तिमा आएको सीमितता तथा विवादहरू :

कम्पनीको सम्पत्तिमा कुनै सीमितता तथा विवादहरू आएका छैनन् ।

### ४. कर्जा, लगानी तथा स्थिर सम्पत्तिको लागि गरिएको प्रतिबद्धता :

कर्जा तथा लगानीमा कुनै पनि प्रतिबद्धता गरिएको छैन ।

### ५. लगानीसंग सम्बन्धित देहायका खरीद बिक्री सम्झौताहरूको मुल्य :

अ) खरीद गरिएको सम्पत्तिको स्वामित्व प्राप्त हुन बाँकी छैन ।

आ) बिक्री गरिएको सम्पत्तिको भुक्तानी प्राप्त हुन बाँकी छैन ।

### ६. कम्पनीको यस वर्षको लगानी तथा बिक्री/फिर्ता लिएको लगानीको विवरण निम्न अनुसार छ ।

(क) यस वर्ष गरिएको लगानीको विवरण :

| क्र.सं. | विवरण | यस बर्ष रकम (रू) | गत बर्ष रकम (रू) |
|---|---|---|---|
| १ | सरकारी ऋणपत्र र बोन्ड | २,०१,४३,७३,०००/- | २,०६,३९,४८,०००/- |
| २ | बाणिज्य बैंकहरू | १५,९९,२५,००,०००/- | १२,०२,९४,००,०००/- |
| ३ | विकाश बैंकहरू | - | - |
| ४ | फाइनान्स कम्पनीहरू | - | - |
| ५ | विभिन्न बैंकहरूको ऋणपत्र | १,०२,४१,८९,०००/- | ८२,५७,१६,०००/- |
| ६ | विभिन्न कम्पनीहरूको शेयर | १,२३,७९,३९,४०९/- | ७९,८५,९४,७९३/- |
| ७ | म्युचल फण्ड | ६,३८,४१,२८५/- | १,०१,५३,२२०/- |
| ८ | अन्य निक्षेपहरू | १,६३,७७,९३,५०७/- | ८६,२७,११,३९१/- |
| | कुल | २१,९७,०६,३६,२०१/- | १६,५९,०५,२३,४०४/- |

(ख) यस वर्ष बिक्री गरेको लगानीको विवरण :

| क्र.सं. | विवरण | रकम (रू) |
|---|---|---|
| १ | पब्लिक लिमिटेड कम्पनीहरूको शेयर | ४०,६४,९०,३२३/- |

## ७. बैंक मौज्दात हिसाब सम्बन्धमा सम्बन्धित बैंक/वित्तीय संस्थाको समर्थन सहितको हिसाब मिलान सम्बन्धी व्यहोरा :

कम्पनीको वित्तीय विवरणमा उल्लेख गरे बमोजिमकोबैंक तथा वित्तीय संस्थाहरूमा रहेको बैंक मौज्दातको कम्पनीको हिसावसंग मिलान (Reconcile) गरिएको र सम्बन्धित बैंकबाट समर्थन लिइएको छ ।

## ८. बीमक/पूनर्बीमकसंग लिनु दिनु बांकी हिसाब सम्बन्धमा सम्बन्धित बीमक/पूनर्बीमकको समर्थन सहितको हिसाब मिलान सम्बन्धी व्यहोरा :

पुनर्बीमकलाई २०७२ असाढ मसान्तसम्म पुनर्बीमा शुल्क बापत दिन बाकी रू.६०,७७,३६० रहेको छ र पुनर्बीमकसंग दावि वापत लिनु पर्ने रकम रू. ३,३३,६२,८६९ रहेको छ । सोको समर्थन सम्बन्धित पुर्नबीमकबाट लिइएको छ ।

## ९. बीमकले गरेको लगानी प्रचलित बीमा ऐन, नियमावली तथा बीमा समितिबाट तोकिए बमोजिम रहे नरहेको :

कम्पनीले गरेको लगानी प्रचलित बीमा ऐन, नियमावली तथा बीमा समितिबाट निर्देशन गरे बमोजिम कम्पनीको लगानी समितिबाट स्वीकृत व्यवस्था अनुरूप रहेको छ ।

## १०. बीमकको संचालक वा संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थासंग कारोबार :

कम्पनीको संचालक वा संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थासंग कुनै कारोबार भएको छैन् ।

## ११. कम्पनीले यस वर्षकुनै पनि ऋण लिएको छैन ।

## १२. बीमकले कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको आ.व. तथा त्यस्तो चुक्ता प्रमाणपत्र प्राप्त हुन बांकी आ.व. र सो सम्बन्धी विवरणका साथै अघिल्लो आ.व.हरूको कर जरिवाना ब्याज बापत दावी परेको र यस आ.व.मा भुक्तानी भएको रकम:

कम्पनीले आफ्नो स्थापना काल देखिनै आयकर ऐन २०५८ बमोजीम आन्तरिक राजस्व कार्यलयलाई करको लेखा परीक्षण अनुसार कर भुक्तानी गर्दै आएको छ । आन्तरिक राजस्व कार्यालयबाट कम्पनीको आ.व. २०६७/०६८ सम्मको कर लेखा परिक्षण भैसकेकोमा आ.ब. २०५७।५८, २०६२।६३, २०६३।६४, २०६४।६५, २०६६।६७ र आ.व. २०६७/०६८ गरी जम्मा ६ बर्षको कर निर्धारणमा थप कर दायित्व रू.४,२७,३१,६२४।७४ निर्धारण भएकोमा चित्त नबुझि सोसम्बन्धमा पुनरावेदन गरिएको छ ।

## १३. फिर्ता गरेको बीमाशुल्कको परिमाण र कारण :

कम्पनीमा यस आ.व २०७१/७२ मा कुनै पनि बीमाशुल्क रकम फिर्ता गरिएको छैन ।

## १४. बीमकले बीमितलाई प्रदान गर्ने घोषित तथा अन्तरिम बोनसको दर:

कम्पनीको आ.व.२०७१/०७२ सम्म भएको बीमाङ्किय मुल्याकंन अनुसार बीमितलाई प्रदान गर्ने घोषित बोनस दर तल उल्लेख गरिए अनुसार छन् ।

| बीमालेखको किसिम | बीमा अवधी (बर्ष) | बोनस (प्रति बर्ष प्रति हजार) |
|---|---|---|
| सावधिक जीवन बीमा | ५–१५ | ६५ |
| | १६–२० | ६५ |
| | २१–२५ | ७२ |
| | २५ भन्दा माथी | ८२ |
| अग्रिम भुक्तानी (जीवन सम्बृद्धि बीमा योजना बाहेक) | १० | ६५ |
| | १५ | ६५ |
| | २० | ६५ |
| जीवन सम्बृद्धि बीमा योजना | १५ | ६२ |
| जीवन सम्बृद्धि बीमा योजना | २० | ६४ |

## १५. ढिलो बीमाशुल्क भुक्तानीमा बिलम्ब शुल्क/ब्याजको दर तथा बीमालेखको धितोमा प्रदान गरिने कर्जामा ब्याजको दर :

ढिलो बीमाशुल्क भुक्तानीमा बिलम्ब शुल्क/ब्याजको दर तथा बीमालेखको धितोमा प्रदान गरिने कर्जामा ब्याजको दर १० प्रतिशत रहेको छ ।

## १६. अपलेखन हुन बांकी खर्चको विवरण :

कम्पनीले सरकारी ऋणपत्रको खरिदमा प्रिमियम वापत भुक्तानी गरेको रकम मध्ये रू ७६,२५,९१३/- अपलेखन गरिएको छ । सो रकमलाई अनुसुची २ मा लगानीमा नोक्सान शिर्षक अन्तर्गत देखाइको छ ।

| विवरण | यस बर्ष रकम (रू) | गत बर्ष रकम (रू) |
|---|---|---|
| शूरू मौज्दात | १,९३,७५,८७५/- | ३,०७,३८,२५०/- |
| अपलेखन खर्च | ७६,२५,९१३/- | १,१३,६२,३७५/- |
| अन्तिम मौज्दात | १,१७,४९,९६२/- | १,९३,७५,८७५/- |

**१७. चुक्ता पूंजी मध्ये अग्रिम भुक्तानी प्राप्त (Paid in Advance), भुक्तानी प्राप्त हुन बांकी (Call in Arrears) र जफत गरिएका तर पुन :**
कम्पनीले जारी गरेको शेयर वापत कुनै भुक्तानी प्राप्त हुन वा शेयर जारी गर्न बाँकी छैन ।

**१८. यो बर्ष लिज होल्ड सम्पत्तिमा अपलेखन रकम ह्रासखर्च अन्तर्गत लेखांकन गरिएको छ । लिज होल्ड सम्पत्तिमा गत वर्षसम्म रू.१,६८,०३,३८१/- र यस वर्ष खर्च (Amortization) रू. १५,५९,९२९/- लेखाङ्कन गरिएको छ।**

**१९ वर्षभरिमा भएको वासलात बाहिरको कारोबारको विवरण:**
कम्पनीको वासलात बाहिर कुनै कारोबार भएको छैन ।

**२०. अघिल्ला बर्षहरूसंग सम्बन्धित आम्दानी तथा खर्चहरु :** छैन ।

**२१ कम्पनीको विभिन्न बैंक खाताहरूमा वीमालेख संख्या वा वीमीतको नाम जानकारीमा आउन नसकेका विभिन्न वीमितहरूबाट जम्मा भएको रकम रू. ५०,१३,९१३/-(Unidentified Deposit)लाई लेखा शिर्षकमा समायोजन गरिएको छ ।**

**२२ बीमाशुल्क वापत प्राप्त चेक मौज्दात वापतको रकम रू. २४,६६,२२,८९८/-सम्पूर्ण २०७२/०४/०१ का दिन सम्बन्धित बैंक खाताहरूमा जम्मा भैसकेको छ ।**

**२३ आर्थिक बर्ष २०७१/७२ मा कर्मचारीको लागि वोनस ऐन अनुसार रू.५,१५,९७,६८१/-बोनसको व्यवस्था गरिएको छ ।**

**२४ कम्पनीका कर्मचारीहरुको हालसम्म विदा वापतरू.२,०९,३३,७७३/- र उपदान वापत रू.३,३६,८३,४५९/- ब्यबस्था गरिएको छ ।**

**२५ कर्मचारी सेवा शर्त अनुसार कर्मचारीहरूलाई आवास कर्जा दिने व्यवस्था नभएकोले श्रम ऐन, २०४८ अनुसार छुट्टै आवास कोषको व्यवस्था गरिएको छैन ।**

**२६ स्थगनकर**
नेपाल लेखामान ०९ अनुसार २५ प्रतिशतको दरले अस्थायी फरकमा स्थगन करको हिसाव गरिएको छ ।
स्थगनकर सम्पत्ति र दायित्व शीर्षक अन्तर्गतका विषय र तिनको हिसाव निम्नानुसार छः

२०७२ आषाढ ३१ गते सम्म (ख) :

| विवरण | लेखा आधार | कर आधार | फरक रकम |
|---|---|---|---|
| ह्रास कट्टी आधार | २४,९१,३०,५६५ | २३,६६,५९,२४० | (१,२४,७१,३२५) |
| शेयरमालगानी | १,१७,५३,०३,७८६ | १,२३,७९,३९,४०९ | ६,२६,३५,६२३ |
| लगानी नोक्सानी वापत व्यवस्था | ९६,४०,०३७ | – | ९६,४०,०३७ |
| नेपाल सरकारको बचतपत्र वा ऋणपत्रमा लगानी | १,०८,६३,५२,९६३ | १,१३,८०,५८,४७४ | ५,१७,०५,५११ |
| विदा बापत व्यवस्था | २,०९,३३,७७३ | – | २,०९,३३,७७३ |
| उपदान व्यवस्था | ३,३६,८३,४५९ | – | ३,३६,८३,४५९ |
| शंकाश्पद आसामीको लागि ब्यवस्था | ३८,०९,५३१ | – | ३८,०९,५३१ |
| जम्मा | २,५७,८८,५४,११४ | २,६१,२६,५७,१२३ | १६,९९,३६,६०९ |
| स्थगनकर सम्पत्ती २५ प्रतिशत | | | ४,२४,८४,१५२ |

२०७१ आषाढ ३२ गते सम्म (क) :

| विवरण | लेखा आधार | कर आधार | फरक रकम |
|---|---|---|---|
| ह्रास कट्टी आधार | २५,३७,९४,९८५ | २५,२९,९४,९९८ | (७,९९,९८७) |
| शेयरमालगानी | ७९,६०,७४,७२७ | ७९,८५,९४,७९३ | २५,२०,०६६ |
| लगानी नोक्सानी वापत व्यवस्था | ५,११,९९,७२७ | - | ५,११,९९,७२७ |
| नेपाल सरकारको बचतपत्र वा ऋणपत्रमा लगानी | १,०९,३९,७८,८७५ | १,१३,८०,५८,४७४ | ४,४०,७९,५९९ |
| विदा बापत व्यवस्था | १,२७,२४,४४९ | - | १,२७,२४,४४९ |
| उपदान व्यवस्था | १,०४,८९,२२३ | - | १,०४,८९,२२३ |
| अभिकर्ता कर्जा व्यवस्था | ३४,०७,६०४ | - | ३४,०७,६०४ |
| जम्मा | २,२२,१६,६९,५९० | २,१८,९६,४८,२६५ | १२,३६,२०,६८१ |
| स्थगनकर सम्पत्ती २५ प्रतिशत | | | ३,०९,०५,१७१ |

गत बर्षको तुलनामा स्थगनकर सम्पत्तीमा कमी (क) - (ख) = १,१५,७८,९८१/-

३१ आषाढ २०७२ सम्मको स्थगन कर सम्पत्ति नाफा नोक्सान हिसाबमा वीमा समितिको वित्तीय निर्देशिका अनुसार खर्च घटाई देखाइएको छ ।

२७) कम्पनीको NLIC Building सँग सम्बन्धित आम्दानी तथा खर्च निम्न बमोजीम छन् ।

| विवरण | यस बर्ष रकम (रू) | गत बर्ष रकम (रू) |
|---|---|---|
| NLIC Building वापत कुल घर भाडा तथा अन्य आम्दानी | ६,३०,८९,०९० | ६,९०,४९,७०२ |
| NLIC Building वापतलागेको कुल खर्च | (४,०४,९३,९९०) | (४,८८,६२,०७८) |
| ह्रासकट्टी अघिको खुद आम्दानी | २,२५,९५,१०० | २,०१,८७,६२४ |
| Less: NLIC Building को ह्रास कट्टी गरिएको खर्च | (३८,९१,३९१) | (३८,९१,३९१) |
| ह्रासकट्टी पछीको NLIC Building को खुद आम्दानी/ (नोक्सानी) | १,८७,०३,७०९ | १,६२,९६,२३३ |

२८) वीमांकको Sum at Risk को गणना कम्पनीको बीमाङ्की पियुश आई मज्मुदारले उपलब्ध गराएकोविवरण अनुसार गरिएको छ।

२९) कम्पनीले समिक्षा आ.व.मा महाविपत्ती जगेडा कोषमा रू. १३,४२,९१,८४९/- जगेडा सृजना गरेको छ ।

३०) कम्पनीको आ.व.२०७१/७२ मा रू.८५,६२,०३,०१८/- व्यवस्थापन खर्चमा भएको । जस मध्ये कुल वीमाशुल्को ८ प्रतिशत भन्दा अधिक भएको व्यवस्थापन खर्च रू. २०,३१,१६,६५६/- सोझै नाफा नोक्सान हिसाबमा समायोजन गरिएको छ ।

# नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

प्रधान कार्यालय हेरिटेज प्लाजा, कमलादी, काठमाण्डौं

आषाढ ३१, २०७२ (जुलाई १६, २०१५) को आर्थिक विवरण सम्बन्धी अनुसूची

अनुसूची- ३०

पछिल्ला पाँच वर्षको प्रमुख सूचाङ्कहरू

| क्र.सं. | विवरण | सूचाङ्क | ०७१/७२ | ०७०/७१ | ०६९/७० | ०६८/६९ | ०६७/६८ |
|---|---|---|---|---|---|---|---|
| १ | नेट वर्थ | रू. | २,३५९,०१५,९४७ | १,८५४,२७५,९४८ | १,३२६,८६४,०६१ | ७३४,७४०,६०९ | ३३५,४१५,९११ |
| २ | शेयर संख्या | संख्या | १७,३४०,००० | १०,८३७,५०० | ६,३७५,००० | ३,७५०,००० | ३,७५०,००० |
| ३ | प्रति शेयर किताबी मूल्य | रू. | १३६.०४ | १७१.१० | २०८.१४ | १९५.९३ | ८९.४४ |
| ४ | खूद नाफा | रू. | ५२७,५५५,७८९ | ६१४,१११,८८५ | ७७४,६०७,०४८ | ६२५,७०५,९१७ | (६,६३,७५,७८०) |
| ५ | प्रति शेयर आय (EPS) | रू. | ३०.४२ | ५६.६७ | १२१.५१ | १६६.८५ | – |
| ६ | प्रति शेयर लाभांश (DPS) | रू. | २६.३२ | ६८.०० | ९८.५० | १२६.३२ | – |
| ७ | प्रति शेयर बजार मूल्य (MPPS) | रू. | २,८८६ | ४,३५१ | १,४२५ | ७८५ | ५६६ |
| ८ | मूल्य आम्दानी अनुपात (PE Ratio) | अनुपात | ९४.८७ | ७६.७८ | ११.७३ | ४.७० | – |
| ९ | प्रथम वर्षको बीमाशुल्क | रू. | ३,८९३,८६०,२१४ | २,७१२,४१३,७२४ | १,४८४,८९३,५७६ | १,२३३,८७८,०३४ | ७४३,३८७,२४२ |
| १० | कुल बीमाशुल्क | रू. | ८,०९३,२९३,२२१ | ५,६७५,४८६,४९३ | ३,९००,०००,३७७ | ३,२०१,१६०,५२२ | २,३२०,६९६,९९३ |
| ११ | खूद बीमाशुल्क/कुल बीमाशुल्क | प्रतिशत | ९८.५२ | ९७.९३ | ९६.८९ | ९६.२३ | ९७.१८ |
| १२ | खूद नाफा/कुल बीमाशुल्क | प्रतिशत | ६.५२ | १०.८२ | १९.८६ | ५.७१ | – |
| १३ | कुल बीमाशुल्क/कुल सम्पत्ति | प्रतिशत | २९.८८ | २८.३५ | २६.२२ | २५.९५ | २४.०४ |
| १४ | लगानी र कर्जाबाट आय/कुल लगानी र कर्जा | प्रतिशत | ६.९८ | ८.९९ | ८.९९ | ९.०८ | ८.२१ |
| १५ | कुल लगानी र कर्जा/जीवन बीमाकोष | प्रतिशत | १०५.३० | १०७.५३ | १०७.५३ | ११४.७६ | ११५.३५ |
| १६ | पुनर्बीमा कमिशन आय/कुल पुनर्बीमाशुल्क | प्रतिशत | १३.४५ | ९.५९ | ३.७४ | ३.८५ | ८.९० |
| १७ | व्यवस्थापन खर्च/कुल बीमाशुल्क | प्रतिशत | १०.५८ | ८.२१ | ६.९२ | १३.५३ | १३.७४ |
| १८ | बीमा अभिकर्ता सम्बन्धि खर्च/कुल बीमाशुल्क | प्रतिशत | १७.६८ | १४.६८ | ११.५२ | १६.८० | १८.६३ |
| १९ | बीमा अभिकर्ता संख्या | संख्या | ६३,५८० | ४९,९६४ | ३८,३६८ | ३३,६४९ | २५,५९८ |
| २० | कर्मचारी संख्या | संख्या | ३१६ | २८९ | २५९ | २१७ | १९३ |
| २१ | कार्यालयको संख्या | संख्या | १०४ | ९७ | ८२ | २३ | २३ |
| २२ | कर्मचारी खर्च/व्यवस्थापन खर्च | प्रतिशत | २६.२७ | २७.६१ | ३५.७० | १७.२७ | १५.२९ |
| २३ | कर्मचारी खर्च/कर्मचारी संख्या | रू. | ७११,६५९ | ४४४,९८८ | ३७१,९२० | ३४४,८२८ | २५२,६९४ |
| २४ | भुक्तानी हुन बाँकी दावी रकम/भुक्तानी भएको दावी रकम | प्रतिशत | १५.५४ | ८.७५ | ८.७५ | १७.३९ | २७.६३ |
| २५ | कुल कायम रहेको बीमालेखको संख्या (बै.रो बीमालेख समेत) | संख्यामा | १,०२०,५९५ | ९२१,०९३ | ७६४,६८९ | ५९७,८८२ | ४६७,२०० |
| २६ | यस वर्ष नवीकरण भएको बीमालेखको संख्या/गत वर्ष कायम रहेको बीमालेखको संख्या | प्रतिशत | ७२.८७ | ८३.९८ | ७७ | ८० | ८९ |
| २७ | दावी परेको बीमालेखको संख्या/कुल कायम रहेको बीमालेखको संख्या | प्रतिशत | १.६९ | १.७० | ०.०६ | ०.०६ | ०.०७ |
| २८ | सोल्भेन्सी मार्जिन | प्रतिशत | ३.१७ | ३.०० | ३.१७ | ६.७८ | – |
| २९ | घोषित बोनस दर | प्रतिहजार | रू.६२ देखि रू.८२ सम्म | रू.६२ देखि रू.८२ सम्म | रू.६२ देखि रू.८२ सम्म | रू.६२ देखि रू.८२ सम्म | रू.६२ देखि रू.८२ सम्म |
| ३० | अन्तरिम बोनस दर | प्रतिहजार | – | – | – | – | – |

नोटः कार्यालय संख्यामा क्षेत्रिय कार्यालय तथा उपशाखा कार्यालयहरू पनि गणना गरिएका छन्।

# नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

प्रधान कार्यालय हेरिटेज प्लाजा, कमलादी, काठमाण्डौं

आषाढ ३१, २०७२(जुलाई १६, २०१५) को आर्थिक विवरण सम्बन्धी अनुसूची

अनुसूची- ३१

बीमाङ्कको विवरण

| क्र.सं. | बीमाको किसिम | कायम रहेको बीमालेखको संख्या | | कायम रहेको बीमालेख अन्तर्गत जम्मा बीमाङ्क | | सम याट रिस्क (Sum at Risk) | |
|---|---|---|---|---|---|---|---|
| | | यस बर्ष | गत बर्ष | यस बर्ष | गत बर्ष | यस बर्ष | गत बर्ष |
| १ | सावधिक जीवन | २४३,६५९ | २३१,०९९ | ३८,३१०,१९६,६८४ | ३०,५६९,७१८,८८५ | ३०,५८४,८२१,४५५ | २३,९९८,१८५,३६२ |
| २ | अग्रीम भुक्तानी | ७६,१८० | ५७,८७३ | ३५,९५२,२०८,१२२ | १९,२४७,००५,६११ | ३३,६८३,१३३,१०१ | १८,०२७,५९५,७२३ |
| ३ | जीवन सहारा | ९१,६१५ | ८५,१०० | १५,९१६,३८९,६११ | ११,८९७,९६२,४११ | १४,०६८,४१८,७६५ | १०,५२३,३५२,१६७ |
| ४ | जीवन सारथि (अन्य) | १,८७२ | १,२५६ | ६३६,१४६,००० | ३१५,५६७,००० | ५९८,९८३,००८ | २९३,२०७,६३३ |
| ५ | सामान्य म्यादि | ६०९,२०३ | ५३८,४२६ | ३०३,८४०,४८२,००० | २६९,३८२,८८८,००० | ३०३,५५९,६३९,३७० | २६९,२८८,४५९,८१८ |
| जम्मा | | १,०२२,५२९ | ९१३,७५४ | ३९४,६५५,४२२,४१७ | ३३१,४१३,१४१,९०७ | ३८२,४९४,९९५,६९९ | ३२२,१३०,८००,७०३ |

| क्र.सं. | बीमाको किसिम | पुनर्बीमकलाई हस्तान्तरण गरिएको सम याट रिस्क (Sum at Risk) | | बीमकले धारण गरेको सम याट रिस्क (Sum at Risk) | |
|---|---|---|---|---|---|
| | | यस बर्ष | गत बर्ष | यस बर्ष | गत बर्ष |
| १ | सावधिक जीवन | २,५८७,१८७,९२६ | २,२५५,५१७,८९२ | २७,९९७,६३३,५२९ | २१,७४२,६६७,४७० |
| २ | अग्रीम भुक्तानी | १४,०६२,०७७,५७६ | ७,९६७,२२१,१५१ | १९,६२१,०५५,५२५ | १०,०६०,३७४,५७२ |
| ३ | जीवन सहारा | १,३६४,२१०,८५५ | १,२१५,०५५,७४७ | १२,७०४,२०७,९१० | ९,३०८,२९६,४२० |
| ४ | जीवन सारथि (अन्य) | ७८,५४२,९२३ | ६१,७९७,४६२ | ५२०,४४०,०८५ | २३१,४१०,१७१ |
| ५ | सामान्य म्यादि | २३७,११०,०१६,३९७ | १८४,१२८,८०२,८२० | ६६,४४९,६२२,९७३ | ८५,१५९,६५६,९९८ |
| जम्मा | | २५५,२०२,०३५,६७७ | १९५,६२८,३९५,०७२ | १२७,२९२,९६०,०२२ | १२६,५०२,४०५,६३१ |

## संस्थापक तथा संस्थापक समुहका शेयरधनीले आफ्नो स्वामित्वमा रहेको शेयर धितो राखिएको बिवरण
## (श्री बीमा समितिबाट मिति २०७१।०९।२९ मा जारी संस्थापक शेयर धितोबन्धक सम्बन्धी व्यवस्था अनुरुप)

| क.स | नाम | धितोमा रहेको शेयर कित्ता संख्या |
|---|---|---|
| 1 | KAVITA SANGHAI | 585000 |
| 2 | ANUJ AGRAWAL | 221600 |
| 3 | GOVIND LAL SANGHAI | 660000 |
| 4 | RAMAWATAR AGRAWAL | 58500 |
| 5 | PRUDENTIAL CAPITAL MANAGEMENT COMPANY | 94965 |
| 6 | SHIVASHANKAR AGRAWAL | 43350 |
| 7 | NIRMAL KUMAR AGRAWAL | 42525 |
| 8 | PURUSHOTTAM LAL SANGHAI | 42000 |
| 9 | ASHOK KUMAR AGRAWAL | 45750 |
| 10 | SHANKAR LAL AGRAWAL | 111700 |
| 11 | NARESH KUMAR AGRAWAL | 23120 |
| 12 | SHIRISH MURARKA | 21250 |
| 13 | JAYANT AGRAWAL | 19845 |
| 14 | RAJENDRA KUMAR AGRAWAL | 9500 |
| 15 | SURAJ PANDIYA | 8092 |
| 16 | NAND KISHOR SHARMA | 11288 |
| 17 | RAJ KUMAR BARAL | 5780 |
| 18 | VISHAL AGRAWAL | 5570 |
| 19 | UDAYA PRASAD OJHA | 28512 |
| 20 | SANJEEV KUMAR DAHAL | 4080 |
| 21 | SUMITRA SHARMA | 5440 |
| 22 | BHARAT REGMI | 3280 |
| 23 | PREM BAHADUR BARAL | 5780 |
| 24 | SHREE GANESH PROPERTIES AND INVESTMENT PVT. LTD | 13990 |
| 25 | BASU DEV GOLYAN | 516398 |
| 26 | PAWAN KUMAR GOLYAN | 404000 |
| 27 | Suhrid Raj Ghimire | 346800 |
| 28 | PURUSHOTAM LAL SANGHAI | 207000 |
| 29 | AMIT AGRAWAL | 138720 |
| 30 | VIDYA DEVI AGRAWAL | 47686 |
| 31 | ASHOK KUMAR AGARWAL | 37000 |
| 32 | RAM CHANDRA SANGHAI | 32000 |
| 33 | SATISH KUMAR MORE | 31500 |
| 34 | SAURAV GARG | 27744 |
| 35 | RAJ KUMAR MORE | 27105 |
| 36 | SIRISH KUMAR MURARKA | 26675 |
| 37 | SHRAWAN KUMAR MORE | 24865 |
| 38 | ANJALI SARAWOGI | 21930 |
| 39 | Ram Awatar Agrawal | 20000 |
| 40 | SAMPURNA DAS TULADHAR | 19074 |
| 41 | SURESH KUMAR AGRAWAL | 16184 |
| 42 | CAPTIVE INVESTMENT COMPANY | 13872 |
| 43 | BODH PRASAD TRIPATHI | 31190 |
| 44 | ANJALI SARAWOGI | 12750 |
| 45 | PRAMILA DEVI AGRAWAL | 21675 |
| 46 | RENU MITTAL | 12750 |
| 47 | Madhusudan Agrawal | 12000 |
| 48 | SURENDRA KUMAR GOEL | 6000 |
| 49 | MAHENDRA KUMAR BHIMSARIA | 5780 |
| 50 | MAHESH KUMAR AGRAWAL | 5714 |
| 51 | DIPESH BAHADUR DHAUBANZZAR | 5000 |
| 52 | Mukesh Kumar Agrawal | 5000 |
| 53 | ROSHANI MAIYA DHOUBANJA | 5000 |
| 54 | POONAM GOEL | 3000 |
| 55 | RAMESH KUMAR AGRAWAL | 2700 |
| 56 | KESHAV TULADHAR | 2890 |
| 57 | KUMAR PRASAD OJHA | 1156 |
| 58 | DINESH ARYAL | 1000 |

**Piyush I. Majmudar**
Actuary and Chartered Insurance Practitioner

5, Pranav, Juhu Road, Santacruz (W)
Mumbai 400054
Tel: +91-22-26614374/ 26615236
Mobile: +91 9870236669
Email:pi.majmudar@ka-pandit.com

To the Shareholders of Nepal Life Insurance Company Limited,

**Actuarial Valuation of Long term Insurance Business as on 16.07.2015**

At the request of the CEO/Managing Director of the company, I have carried out an Actuarial Valuation of Long Term Business of Nepal Life Insurance Company Limited as on 16.07.2015, and have pleasure in placing the following comments in this regard:

1) Proper records have been kept by the company which is necessary for the purpose of Long Term Actuarial Liability Valuation of the Insurance Fund.

2) Adequate and proper Reserves have been provided as on 16.07.2015 for all the liabilities in respect of long term insurance fund, taking into account all the current and contingent liabilities as at that date.

3) The Long Term Insurance Fund as included in audited accounts of NRs. 23,750.60 million is sufficient to cover required actuarial reserves of NRs. 21,772 million as on 16th July 2015. Additionally, reserves of 397.24 million are to be maintained for Foreign Employment Term Insurance Plan.

4) The Required Solvency Margin as per the New Directives of Solvency Margin issued by Beema Samiti is NRs. 1,256.13 million. The Available Solvency Margin is NRs. 3,975.96 million. Thus the RSM / ASM ratio is 3.17 which is well above the required ratio of 1.

Date: 27th January, 2016

P. I. Majmudar
(Appointed Actuary)

P. I. MAJMUDAR
F.I.A.I. (00109)

बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

मिति: २०७३/०१/०७

बि.वि.शा. २६२ (२०७२/७३) च.नं. 3८४०

ने.ला.इ.कं.लि.
... नं. 4860
... : 073-01-07

श्री नेपाल लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड।
कमलादी, काठमाण्डौं।

विषय : आ.ब. २०७१/७२ को वित्तीय विवरण स-शर्त स्वकिृति बारे।

यस समितिमा प्राप्त तहाँको मिति २०७२/१२/२९ (च.नं.३६५६/२०७२/७३) समेतको पत्र सम्बन्धमा लेखिदैछ।

बीमकको वित्तीय विवरण प्रतिको उत्तरदायित्व बीमकमा रहेको सर्वविदितै छ। लेखा परीक्षण भई समितिको स्वीकृतिको लागि पेश हुन आएको तहाँको आ.व. २०७१/७२ को वित्तीय बिवरण सम्बन्धमा देहाय वमोजिमका शर्तहरु सहित स्वीकृत गरिएको व्यहोरा निर्णयानुसार आवश्यक कार्यार्थ जानकारी गराइन्छ।

१ समितिको मिति २०७०।०४।३२ को निर्देशनको प्रतिकुल हुने गरी बढी व्यवस्थापन खर्च गरेको हुँदा अब आइन्दा तोकिएको सीमा भन्दा बढी खर्च नगर्ने तर्फ बीमक सचेत रहनु हुन।
२ बीमा नियमावली २०४९ को दफा ३१ अनुसार तोकेको समय भित्र बीमित समक्ष डिस्चार्ज भौचर जारी गर्नु हुन।
३ बीमकले अण्डरराइटिङ्ग प्रकृयालाई पुर्नावलोकन गरी प्रभावकारी बनाउनु हुन।
४ समितिबाट बीमकको लागि जारी संस्थागत सु-शासन सम्बन्धी निर्देशिका,२०६९ पूर्ण रुपमा पालना गर्नु हुन।
५ बीमकले बैंक हिसाव उपर पर्याप्त नियन्त्रण कायम गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु हुन।
६ बीमकले अभिकर्तालाई प्रदान गरेको ऋण, सापटी तथा पेश्की रकम समयमै असुलीको लागि प्रभावकारी रुपमा पहल गर्नु हुन।
७ बीमकले माइक्रो प्रोडक्ट तयार गरी न्यून आय भएको ग्रामिण जनता समक्ष बीमा सेवाको पहुँच पुऱ्याउनु हुन।
८ वित्तीय विवरण स्वीकृत भएको मितिबाट ६० (साठी) दिन भित्र वार्षिक साधारण सभा गर्नु हुन।
९ लेखा परिक्षकले औंल्याइएको कैफियतहरु सुधार गर्नु हुन।

(सन्तोष प्रसाई)
वित्त विश्लेषक

## श्री बीमा समितिको मिति २०७३/०१/०७ को पत्र अनुसार कम्पनीको आ.ब. २०७१/७२ को बित्तिय विवरण स्वीकृत गर्दाको शर्तहरू सम्बन्धमा कम्पनीको जवाफ

१. समिक्षा आ.व. मा कम्पनीले नयाँ व्यवसायमा गत वर्षको तुलनामा १४४ प्रतिशतको वृद्धि हासिल गरेकोले उक्त व्यवसायको अधिग्रहण लागतको कारण तथा अन्य खर्चमा पनि बजार भाउमा भएको उलेख्य वृद्धिको कारण कम्पनीको अनवरत प्रयास पश्चात पनि समितिले तोकिदिएको खर्च सिमा नाघ्न गएको व्यहोरा अवगत गराउदै आगामी वर्षहरूमा उक्त खर्चको सिमा भित्र रहन प्रयासरत रहने व्यहोरा अनुरोध गर्दछौ ।

२. दाबी भुक्तानीमा दाबी फर्छ्यौट पुर्जा जारी गर्ने सन्दर्भमा उक्त फर्छ्यौट पुर्जा हुलाक मार्फत पठाउँदा सम्बन्धित व्यक्तिसम्म पुग्न समस्या हुने हुँदा सम्बन्धित व्यक्ति सम्पर्कमा आए पश्चात बुझाउने गरिएको छ । कुनै कुनै दाबी कर्ता समयमा कार्यालयमा सम्पर्कमा नआउने कारण ढिलो हुने व्यहोरा अनुरोध गर्दछौं ।

३. कम्पनीले आफ्नो बिमालेखहरूमा रहेको व्यवस्था अनुसार चुस्त रूपमा underwriting गर्ने गरेको व्यहोरा अनुरोध गर्दछौं । तथापी केहि बिमालेखहरूमा आवश्यक्ता अनुसारको केहि कागजपत्रहरू पुरा हुन नसकेको सन्दर्भमा सोलाई अझ प्रभावकारी रूपले गरिदै लगिने व्यहोरा अनुरोध गर्दछौं ।

४. समितिबाट जारी भएको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०६९ पालना गर्न कम्पनी प्रयासरत रहेको व्यहोरा अनुरोध गर्दछौं ।

५. कम्पनीको सम्पूर्ण बैंक हिसाब चुस्त राखिंदै आएको र सो हिसाबमा अझ चुस्तता ल्याउन प्रयासरत रहेको व्यहोरा अनुरोध गर्दछौ ।

६. कम्पनीको अभिकर्ताहरूलाई प्रदान गरेको कर्जा तथा पेश्की निजहरूले प्राप्त गर्ने कमिशनको आधारमा प्रदान गर्ने गरिएकोले सो को असुलीमा खासै समस्या नरहेको तथापी उक्त कर्जा तथा पेश्कीको असुली कार्य अझ प्रभाबकारी बनाउन कम्पनी प्रतिबद्ध रहेको व्यहोरा अनुरोध गर्दछौ ।

७. कम्पनीले समितिबाट प्राप्त निर्देशन बमोजिम माइक्रो प्रोडक्ट जारी गरि न्युन आय भएका ग्रामिण भेगका जनता सम्म उक्त बिमालेख विस्तार गर्न प्रतिबद्धता जाहेर गर्दछौ ।

८. कम्पनीको साधारण सभा २०७३ जेष्ठ ०७ गते गरिने व्यहोरा अनुरोध गर्दछौं ।

९. कम्पनीको आन्तरिक तथा बाह्य लेखा परिक्षकले औंल्याएका कैफियतहरू क्रमिक रूपले सुधार गरिदै लगिएको व्यहोरा अनुरोध गर्दछौं ।

# नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को नियम २२ को उपनियम १ संग सम्बन्धित)

अनुसूची १३

# वार्षिक प्रतिवेदन आ.व.२०७१/०७२

## १) संचालक समितिको प्रतिवेदन:

यसैसाथ संलग्न छ ।

## २) लेखापरिक्षकको प्रतिवेदन:

यसै साथ संम्लग्न छ ।

## ३) लेखापरिक्षण भएको वित्तिय विवरण:

यसै साथ संम्लग्न छ ।

## ४) कानूनी कारवाई सम्बन्धी विवरण:

नभएको

## ५) संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण

क) समिक्षा अवधिमा कम्पनीको शेयर कारोबार स्वभाविक तथा यथार्थपरक रहेको छ ।

ख) समिक्षा बर्षको प्रत्येक त्रैमाशिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन निम्नानुसार रहेको छ ।

| अवधि | शेयरको अधिकतम मूल्य | शेयरको न्यूनतम मूल्य | शेयरको अन्तिम मूल्य | कारोबार संख्या कित्ता (हजारमा) | कारोबार दिन |
|---|---|---|---|---|---|
| प्रथम त्रैमाशिक | ४६१० | ३५८० | ४१८४ | ७६३४१ | ५९ |
| दोस्रो त्रैमाशिक | ४६०० | ३७७१ | ४५३९ | १५२८४८ | ५७ |
| तेस्रो त्रैमाशिक | ४९९८ | ४३२५ | ४४१३ | १५३२०२ | ५७ |
| चौथौ त्रैमाशिक | ४४०५ | २२४५ | २८८६ | २३३२७० | ४७ |

## ६) समस्या र चुनौती

मुलुकमा जीवन वीमा व्यवसायको सम्भावना उच्च रहेकोले जीवन वीमा प्रति आम मानिसमा सकारात्मक भावनाको विकास गर्न जीवन वीमालाई सामाजिक सुरक्षा तथा अनुसाशित बचतको माध्यमको रूपमा स्थापित गरि वीमा जागरण अभियान संचालनको खाँचो रहेको छ । जीवन वीमा क्षेत्रको विस्तारित बजारका वावजुद बिनासकारी भुकम्प तथा आपूर्ति व्यवस्थामा देखिएको समस्या जस्ता कारणले सर्वसाधारणको क्रय शक्ति न्यून भएको तथा सीमित क्षेत्रमा केन्द्रित तीव्र प्रतिस्पर्धाले केही चुनौतीहरू सृजना गरेका छन् । अर्थतन्त्रमा दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकिकृत भइरहको हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ । यद्यपी श्री बीमा समितिबाट जारी नयाँ लगानी नीतिले लगानी बिबिधिकरणमा सघाऊ पुर्‍याउने देखिन्छ । कम्पनीले समयानुकुल व्यवसायिक रणनितिको कार्यान्वयनद्वारा चुनौतीहरूलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ ।

## ७) संस्थागत सुशासन

कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई पहिलो प्राथमिकतामा राख्दै आएको छ । कम्पनीको अनलाईन कारोबार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुर्‍याएको छ । कम्पनीले आफनो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै आएको छ । कम्पनीले आफनो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परिक्षकको रूपमा स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई नियुक्ति गरि प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन माथि विस्तृत छलफल गरि प्राप्त सुझावहरूको कार्यान्वयन गर्दै आएको छ । कम्पनीले श्री बीमा समितिबाट जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरूको कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ प्रतिबद्ध छौं ।

## ८) बिवरणपत्रमा प्रक्षेपण गरिएका र लेखापरिक्षण भएको बिवरणहरुमा बीस प्रतिशत वा सोभन्दा बढि फरक सम्बन्धी बिवरण:

नभएको ।

## ९) नियम २२ को उपनियम(५)संग सम्बन्धीत बिशेष घटना वा परिस्थिति सम्बन्धी विवरण:

नभएको ।

# कम्पनिको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनको विवरण

## प्रवन्धपत्रमा भएको संशोधन प्रस्ताव

| दफा | साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| दफा ४(ञ)(४)(ख) | नभएको | कम्पनीको लगानीलाई बिविधिकरण गर्नका लागि सम्बन्धीत नियमनकारी निकाय/अन्य निकायको स्वीकृति लिई जग्गा खरिद गर्ने अथवा जग्गा खरिद गरि भवन निर्माण गरि सो पुरै वा आंशिक रूपमा भाडामा लगाउने वा व्यवसायिक प्रयोजनका लागि संचालन गर्ने गराउने । | बिभिन्न क्षेत्रमा लगानी बिस्तार गरि कम्पनीको आय बृद्धि गर्न बान्छनिय भएकोले । |
| दफा ५(ख) | कम्पनीको तत्काल जारी पूँजी रू १,७३,४०,००,०००/- (एक अर्व त्रिहत्तर करोड चालिस लाख) हुनेछ । | कम्पनीको तत्काल जारी पूँजी रू २,४७,७१,४२,९००/- (दुई अर्ब सड्चालिस करोड एकहत्तर लाख बयालिस हजार नौशय) हुनेछ । | संचालक समितिले प्रस्ताव गरेको बोनस शेयरलाई साधारण सभाले अनुमोदन गरि पूँजी बृद्धि गर्न र बोनस शेयर बितरण पश्चात सर्वसाधारण समुहमा कुल चुक्ता पूँजीको न्यूनतम ३० प्रतिशत शेयर स्वामित्व पुर्‍याउन थप शेयर निश्कासन (Further Public Offering) मार्फत पूँजी बृद्धि गर्न आवश्यक भएकोले । |
| दफा ५(ग) | कम्पनीको जारी पूँजी मध्ये ८०% को शेयर (क) समूहका शेयरधनिहरूलाई र २०% शेयर (ख) समुहका शेयर धनिहरूलाई बाँडफाँड गरिने छ । कम्पनीका संस्थापक शेयर धनिहरूले कम्पनी दर्ताका बखत लिन कबोल गरेको शेयर बाहेक कम्पनीको जारी पूँजी भित्रको ८०% शेयर मध्ये बाँकी रहन आउने शेयर सर्वसाधारणमा विवरण पत्र प्रकाशित गर्नु अगाडि संस्थापक शेयर धनिहरूलाई बाँडफाँड गरिने छ । | कम्पनीको जारी पूँजी मध्ये ७०% को शेयर (क) समूहका शेयरधनिहरूलाई र ३०% शेयर (ख) समुहका शेयर धनिहरूलाई बाँडफाँड गरिने छ । | |
| दफा ५(घ) | कम्पनीको चुक्ता पूँजी कम्तिमा रू. १,७३,४०,००,०००/- (एक अर्व त्रिहत्तर करोड चालिस लाख) हुनेछ । | कम्पनीको चुक्ता पूँजी कम्तिमा रू. २,४७,७१,४२,९००/- (दुई अर्ब सड्चालिस करोड एकहत्तर लाख बयालिस हजार नौशय) हुनेछ । | |

## नियमावलीमा भएको संशोधन प्रस्ताव

<table>
<tr><th>नियम</th><th>साविक व्यवस्था</th><th>संशोधित व्यवस्था</th><th>संशोधन गर्नु पर्ने कारण</th></tr>
<tr><td>नियम ५(ख)</td><td>कम्पनीको तत्काल जारी पूँजी रू.१,७३,४०,००,०००/- (एक अर्व त्रिहत्तर करोड चालिस लाख) हुनेछ ।</td><td>कम्पनीको तत्काल जारी पूँजी रू.२,४७,७१,४२,९००/- (दुई अर्व सड्चालिस करोड एकहत्तर लाख बयालिस हजार नौशय) हुनेछ ।</td><td rowspan="3">संचालक समितिले प्रस्ताव गरेको बोनस शेयरलाई साधारण सभाले अनुमोदन गरि पूँजी बृद्धि गर्न र बोनस शेयर बितरण पश्चात सर्वसाधारण समुहमा कुल चुक्ता पूँजीको न्यूनतम ३० प्रतिशत शेयर स्वामित्व पुर्याउन थप शेयर निश्कासन [Further Public Offering] मार्फत पूँजी बृद्धि गर्न आवश्यक भएकोले ।</td></tr>
<tr><td>नियम ५(ङ)</td><td>कम्पनीको चुक्ता पूँजी कम्तिमा रू.१,७३,४०,००,०००/- (एक अर्व त्रिहत्तर करोड चालिस लाख) हुनेछ ।</td><td>कम्पनीको चुक्ता पूँजी कम्तिमा रू. २,४७,७१,४२,९००/- (दुई अर्व सड्चालिस करोड एकहत्तर लाख बयालिस हजार नौशय) हुनेछ ।</td></tr>
<tr><td>नियम ५(च)</td><td>कम्पनीको जारी पूँजी मध्ये ८०% को शेयर (क) समुहका शेयर धनीहरूलाई र २०% शेयर (ख) समुहका शेयरधनीहरूलाई बाँडफाँड गरिने छ । कम्पनीका संस्थापक शेयरधनीहरूले कम्पनी दर्ताका बखत लिन कबोल गरेको शेयर बाहेक कम्पनीको जारी पूँजी भित्रको ८०% शेयर मध्ये बाँकी रहन आउने शेयर सर्बसाधारणमा विवरण पत्र प्रकाशित गर्नु अगाडि संस्थापक शेयरधनीहरूलाई बाँडफाँड गरिने छ ।</td><td>कम्पनीको जारी पूँजी मध्ये ७०% को शेयर (क) समुहका शेयरधनीहरूलाई र ३०% शेयर (ख) समुहका शेयरधनीहरूलाई बाँडफाँड गरिने छ ।</td></tr>
<tr><td>नियम ६(क)</td><td>यस कम्पनीको संचालक समितिमा ७ जना संचालकहरू समितिमा रहने छन् । जस मध्ये संस्थापक समूह (क) बाट ५ जना र सर्वसाधारण समूह (ख) बाट १ (एक) जना निर्वाचित गरिने छ तथा १ (एक) जना स्वतन्त्र संचालक नियुक्त गरिने छ ।</td><td>यस कम्पनीको संचालक समितिमा ७ जना संचालकहरू समितिमा रहने छन् । जस मध्ये संस्थापक समूह (क) बाट ४ जना र सर्वसाधारण समूह (ख) बाट २ (दुई) जना निर्वाचित गरिनेछ तथा १ (एक) जना स्वतन्त्र संचालक नियुक्त गरिने छ ।</td><td>सर्वसाधारण समुहको शेयर स्वामित्व ३० प्रतिशत कायम हुँदा शेयर स्वामित्वको अनुपातका आधारमा संचालक संख्या निर्धारण गर्नुपर्ने भएकोले ।</td></tr>
</table>

# नेपाल लाइफका जीवन बीमा योजनाहरू

## १) NEPAL LIFE नौलो जीवन सम्बृद्धि बीमा योजना:

**जीवनको सपनाहरू साकार पार्न...**

### नौलो जीवन सम्बृद्धि बीमा योजनाका विशेषताहरू:

१. सीमित अवधि मात्र बीमाशुल्क भुक्तानी गर्नुपर्ने र बीमा अवधि समाप्त हुनु अगावै ४-४ वर्षको अन्तरालमा सम्पूर्ण बीमाङ्क रकम फिर्ता भइसक्ने
२. बीमा चालू भएको १ वर्ष पश्चात् बीमालेख धितो राखी सहजै कर्जा लिन सकिने
३. बीमाशुल्क एकल किस्ता पनि भुक्तानी गर्न सकिने, एकल बीमाशुल्क भुक्तानीमा बीमाङ्कको २.५ गुणा मृत्य जोखिम बहन हुने

## २) NEPAL LIFE नौला धनवर्षा जीवन बीमा योजना:

### योजनाका विशेषताहरू:

१. १८ वर्ष देखि ६० वर्ष सम्मका व्यक्तिहरूको जीवन बीमा हुने
२. सिमित अवधि मात्र बीमा शुल्क भुक्तानी गर्नुपर्ने
३. समित अवधि पश्चात बीमा अवधि सम्म बीमा शुल्क भुक्तानी नगरी बीमालेख चालू रहिरहने
४. बीमा अवधि समाप्ति अगावै ४ किस्तामा बीमाङ्क रकम प्राप्त हुने
५. बीमा अवधि समाप्तिमा आर्जित बोनस रकम एकमुष्ठ पाइने
६. बीमा चालु भएको १ वर्ष पश्चात ऋण सुविधा उपलब्ध हुने

## ३) NEPAL LIFE बाल शिक्षा योजना:

**सुनिश्चित शिक्षा, सम्बृद्ध भविष्य, सुखी जीवन**

आफ्नो प्रिय सन्ततिको सुनिश्चित भविष्य तथा उचित शिक्षा दिक्षा र सामाजिक कार्यको लागि आफ्नो र बच्चाको समेत जोखिम बहन हुने सावधिक जीवन बीमा ।

### बीमा योजना:

नेपाल लाइफ सुनिश्चित भविष्य तथा शिक्षा सावधिक जीवन बीमा

बीमा योग्यता:

प्रवेश उमेर : बच्चा - जन्मे देखि १८ वर्षसम्म

प्रस्तावक - २० वर्ष देखि ६५ वर्ष सम्म

बीमा अवधि : ५ वर्ष देखि ३० वर्ष सम्म

(बीमा अवधि समाप्तिमा बच्चाको उमेर ३० वर्ष र प्रस्तावकको ७० वर्ष ननाघ्ने गरी)

बीमाङ्क : प्रस्तावक - रू. ५० हजार देखि १ करोड सम्म

बच्चा - प्रस्तावकको बीमाङ्क बराबर अधिकतम रू. २५ लाख सम्म

जोखिम बहन शुल्क: बच्चाको बीमाङ्कमा रू. १ प्रति हजार

### सुविधाहरू:

१. बीमा अवधि समाप्ति सम्म प्रस्तावक जीवित भएमा प्रस्तावकको बीमाङ्क र आर्जित बोनस रकम प्रस्तावकलाई एकमुष्ठ भुक्तानी हुने*
२. बीमा अवधि भित्र प्रस्तावक (बीमित) को मृत्यु भएमा,
   क) उक्त अवधि सम्मको आर्जित बोनस रकम भुक्तानी हुने र त्यस पछि भुक्तान गर्नुपर्ने बीमाशुल्क छुट हुने,
   ख) प्रस्तावकको मृत्यु पश्चात बीमा अवधि समाप्ति सम्म प्रत्येक वर्ष प्रस्तावकको बीमाङ्कको १०% रकम भुक्तानी हुने । बीमा अवधि समाप्तिमा वार्षिक १०% का दरले भुक्तानी दिई बाँकी रहन गएको बीमाङ्क रकम (भएमा) भुक्तानी हुने ।
३. जोखिम प्रारम्भ# भए पश्चात बच्चाको मृत्यु भएमा बीमाङ्क बराबर रकम भुक्तानी हुने तथा बीमा चालु रहिरहने (नियमित बीमाशुल्क भुक्तानी गर्नुपर्ने)
४. बीमा चालु भएको १ वर्ष पश्चात बीमालेख धितो राखी ऋण सुविधा लिन सकिने ।

*प्रस्तावकको मृत्यु भई वा नभई बीमा अवधि समाप्तिमा बच्चा जिवितै रहेमा बच्चाको बीमाङ्क वापतको कुनै रकम उपलब्ध नहुने

#बीमा प्रारम्भ भएको २ वर्ष पश्चात वा बच्चाको उमेर ५ वर्ष पुगे पश्चात (जुन अगाडि आउँछ) बच्चाको जोखिम बहन हुने ।

### बीमा शुल्कमा छुट तथा थप:

| बीमाङ्कमा छुट | |
|---|---|
| रू. ५ लाख भन्दा बढी र १० लाख बीमाङ्क सम्म | प्रति हजार बीमाङ्कमा रू. १ छुट |
| रू. १० लाख भन्दा बढी बीमाङ्कमा | प्रति हजार बीमाङ्कमा रू. २ छुट |

### ४) NEPAL LIFE जीवन उन्नति योजना:

**जीवनको सुरक्षा र उन्नतिको लागि**




नेपाल लाइफ जीवन उन्नति बीमा योजनाका विशेषताहरू:

- कम बीमा शुल्कमा जोखिम बहन सहित आकर्षक प्रतिफल प्राप्त हुने
- पूरा अवधि बीमा शुल्क भुक्तानी गर्नु नपर्ने
- बीमा अवधि समाप्ति अगावै निरन्तर रुपमा बीमाङ्कको ६०% धन फिर्ता हुने
- बीमा शुल्क भुक्तानी अवधि सिद्धिएपछि पनि बीमालेख चालु नै रहने
- बीमा अवधि समाप्तिमा एकमुष्ठ बोनस सहित बीमाङ्कको ४०% कम प्राप्त हुने
- १६ वर्ष देखि ५८ वर्ष सम्मका व्यक्तिहरुको जीवन बीमा हुने,
- बीमा चालु भएको १ वर्ष पश्चात ऋण सुविधा उपलब्ध हुने हुँदा सदैव तरलताको सुविधा हुने,

### ५) NLIC जीवन सहारा बीमा योजना:

बीमाङ्क रकम : न्यूनतम रु ५०,०००/- देखि बढीमा आयश्रोतको आधारमा गर्न सकिने

प्रवेश उमेर : १६ देखि ६५ वर्ष सम्म

अधिकतम बीमा समाप्ति उमेर : ७० वर्ष

**यस बीमा योजनाका विशेषताहरू:**

क) बीमा अवधि समाप्ति सम्म बीमित जिवितै रहेमा बीमाङ्क र आर्जित बोनस भुक्तानी गरिने छ ।ख) बीमा अवधिभित्र बीमितको मृत्यु भएमा:

- कालगतिले मृत्यु भएमा: बीमाङ्क र आर्जित बोनस भुक्तानी गरिने ।
- दुर्घटनाबाट मृत्यु भएमा: बीमाङ्क रकम, आर्जित बोनस +ADB अधिकतम रु २५,००,०००/- भुक्तानी गरिने छ । (यदि बीमितले ADB सुविधा लिएमा)

ग) बीमा अवधि समाप्ति पछि बीमितको मृत्यु भएमा:

- कालगतिले मृत्यु भएमा: बीमितले इच्छाइएको व्यक्तिलाई चुक्ता बीमालेख मानी बोनस बाहेकको कुल बीमाङ्क भुक्तानी गरिने छ ।
- दुर्घटनाबाट मृत्यु भएमा: ७० वर्ष पुग्नु अगावै मृत्यु भएमा निजले इच्छाइएको व्यक्तिलाई बीमाङ्क र दुर्घटना वापत थप बीमाङ्क रकम (अधिकतम रू. २५,००,०००/- सम्म) भुक्तानी गरिने छ । (यदि बीमितले ADB सुविधा लिएमा)

### ६) NLIC जीवन ज्योति बीमा योजना:

बीमाङ्क रकम : न्यूनतम रु ५०,०००/- देखि बढीमा आयश्रोतको आधारमा गर्न सकिने

प्रवेश उमेर : ११ देखि ६० वर्ष सम्म

अधिकतम बीमा समाप्ति उमेर : ७० वर्ष

**यस बीमा योजनाका विशेषताहरू:**

- पटक पटक बीमा शुल्क भुक्तानी गर्न झन्झट मान्ने ग्राहकहरूलाई मध्यनजर राखी एकल तथा किस्ताबन्दी तरिका अनुरूप पनि बीमा शुल्क भुक्तानी गर्न सकिने ।
- यो योजनामा बीमा समाप्ति मितिसम्म बीमित जीवित रहेमा वा बीमा समाप्ति मिति अगावै बीमितको मृत्यु भएमा बीमालेखको शर्तहरूको अधिनमा रही बीमाङ्क रकम र नियमानुसारको आर्जित बोनस एकमुष्ट भुक्तानी दिइनेछ ।
- बीमाशुल्क भुक्तानी एकल वा तल उल्लेख भए अनुसार किस्ताबन्दी रूपमा भुक्तानी गर्न सकिनेछ ।

| बीमा अवधि | बीमा शुल्क भुक्तानी अवधि |
|---|---|
| १० वर्ष | ५ वर्ष |
| १५ वर्ष | ५ वा १० वर्ष |
| २० वर्ष | ५, १० वा १५ वर्ष |
| २५ वर्ष | ५, १०, १५ र २० वर्ष |
| ३० वर्ष | ५, १०, १५, २० र २५ वर्ष |

- ऐच्छिक सुविधा अन्तर्गत बीमाङ्क रकम बराबर वा अधिकतम रु २५,००,०००/- सम्मको दुर्घटना मृत्यु लाभ तथा स्थायी अशक्तता भएमा बीमा शुल्क छुट सुविधा समावेश गरिएको ।
- बीमाशुल्क भुक्तानी एकल, वार्षिक, अर्धवार्षिक र त्रैमासिक तरिका अनुसार गर्न सकिन्छ ।

### ७) NLIC सुरक्षित जीवन बीमा योजना:

बीमाङ्क रकम : न्यूनतम रु२५,०००/- देखि बढीमा आयश्रोतको आधारमा गर्न सकिने ।

प्रवेश उमेर : ११ वर्ष देखि ६० वर्ष सम्म

बीमा अवधि : ५ देखि बढीमा ५० वर्ष

अधिकतम बीमा समाप्ति उमेर : ६५ वर्ष

**यस बीमा योजनाका विशेषताहरू:**

- बीमा अवधि समाप्त भएपछि बीमाङ्क रकम र आर्जित बोनस एकमुष्ट बीमितलाई भुक्तानी गरिनेछ ।
- बीमा अवधिभित्र कुनै पनि कारणबाट बीमितको मृत्यु भएमा बीमाङ्क रकम र समानुपातिक आर्जन गरेको बोनस इच्छाइएको व्यक्तिलाई भुक्तानी गरिनेछ ।
- यस योजनामा दुर्घटना मृत्यु लाभ (ADB), अशक्तता लाभ (PTD) तथा प्रिमियम छुट सुविधा (PWB) पनि समावेश गर्न सकिनेछ ।

### ८) NLIC म्यादी जीवन बीमा योजना:

बीमाङ्क रकम : न्यूनतम रु १०,०००/- देखि बढीमा आयश्रोतको आधारमा गर्न सकिने ।

न्यूनतम प्रवेश उमेर : १८ वर्ष देखि ६० वर्ष सम्म

बीमा अवधि : ५, १०, १५, २०, २५ र ३० वर्ष सम्मको हुने

अधिकतम बीमा समाप्ति उमेर : ६५ वर्ष

बीमितको न्यूनतम समूह संख्या : २५ जना

#### यस बीमा योजनाका विशेषताहरू:

- कम बीमा शुल्कमा मृत्यु जोखिम वहन हुने बीमा योजना ।
- ऋण रकम बराबर म्यादी जीवन बीमा गरेको अवस्थामा बीमितको मृत्यु भएमा कम्पनीले ऋण रकम बैंक/वित्तीय संस्थालाई तिरिदिने भएकोले परिवारका सदस्यहरू उक्त चिन्ताबाट मुक्त हुन सक्ने ।
- बीमा अवधि भित्र बीमितको मृत्यु भएमा बीमालेखमा इच्छाइएको व्यक्ति अथवा संस्थालाई बीमाङ्क रकम भुक्तानी गरिने छ । बीमा अवधि पश्चात बीमितको मृत्यु भएमा कुनै पनि रकम दिइने छैन ।

नोटः बीमा शुल्क छुट सुविधाः रु १०,००,०००/- भन्दा बढीको बीमाङ्कमा बीमा शुल्कमा ५% छुट पाइने छ । यस योजनामा ऋण, समर्पण मूल्य, चुक्ता मूल्य र बोनसको व्यवस्था छैन ।

- तलब बचत योजनाः
  कुनै पनि संस्थाले न्यूनतम १५ जना कर्मचारी रहने गरी उनीहरूको सहमतिमा मासिक बीमा शुल्क बुझाउने गरी जीवन बीमा गराउन सक्नेछन् । यसरी जीवन बीमा गर्दा मासिक रूपमा बीमा शुल्क भुक्तानी गर्दा लाग्ने अतिरिक्त दस्तुर बुझाउनु पर्दैन । सुरक्षित, जीवन समृद्धि, जीवन सहारा तथा जीवन लक्ष्मी बीमा तलब बचत योजना अन्तर्गत लिन सकिन्छ।

### ९) NLIC जीवन सारथी जीवन बीमा योजना:

बीमाङ्क रकम : न्यूनतम रु ५०,०००/- देखि बढीमा आयश्रोतको आधारमा गर्न सकिने।

न्यूनतम प्रवेश उमेर : १८ वर्ष देखि ५० वर्ष सम्म

बीमा अवधि : १५ वर्ष देखि बढीमा ३० वर्ष सम्म

अधिकतम बीमा समाप्ति उमेर : ६५ वर्ष

#### यस बीमा योजनाका विशेषताहरू:

- एउटा व्यक्तिले आफ्नो मात्र जीवन बीमा गर्न सकिने प्रावधान रहेकोमा यस "जीवन सारथी" बीमा योजनामा श्रीमान् श्रीमती दुवैको संयुक्त जीवन बीमा एउटै बीमालेख अन्तर्गत हुनसक्ने व्यवस्था गरिएको छ ।
- दुवै जनाको संयुक्त नाममा जीवन बीमा भएको भएतापनि कुनै एकजनाको मृत्यु भएको स्थितिमा बीमा गरेको रकम (बीमाङ्क) जीवित बीमितले पाउने छ । तर यस पछि पनि बीमालेख चालु अवस्थामा नै रहन्छ र यसमा जीवित बीमितल बीमा शुल्क तिरिरहनु पर्दैन।
- बीमा अवधि समाप्त भए पछि निजलाई पुनः बीमाङ्क रकम र सुरु देखिको एकमुष्ट बोनस दिइन्छ । यसरी दुई पटक बीमाङ्क रकम पाउन सकिने व्यवस्था यस बीमा योजनामा गरिएको छ ।
- यो "जीवन सारथी" जीवन बीमा १५ वर्ष देखि बढीमा ३० वर्ष अवधि सम्मको लागि गर्न सकिन्छ । यस बीमा योजनामा ऐच्छिक सुविधा अन्तर्गत दुर्घटना मृत्यु लाभ (ADB) बढीमा रु २५,००,०००/- सम्म उपलब्ध हुनेछ र यो सुविधा लिए बापत प्रति हजार रु २/- का दरले थप बीमा शुल्क लाग्नेछ ।

### १०) NLIC बालबच्चाको जीवन बीमा सम्बन्धी योजना:

"केटाकेटीको शिक्षा र विवाह सावधिक जीवन बीमा योजना" अर्न्तगत जन्मे देखि १९ वर्ष सम्म उमेर पुगेका बालबच्चाहरूको लागि बीमाङ्क रु ५०,०००/- देखि रु १०,००,०००/- सम्मको जीवन बीमा गराउन सकिन्छ ।

#### यस बीमा योजनाका विशेषताहरू:

- बीमा शुल्क छुट सुविधा (PWB)
  केटाकेटी सावधिक जीवन बीमा अन्तर्गत बीमा शुल्क छुट सुविधा (PWB) लिन सकिन्छ। यस्तो सुविधा उपभोगको लागि बीमालेख प्रारम्भ भएपछि बीमा प्रस्तावकको मृत्यु भएमा वा बीमालेख साथ संलग्न अनुसूचीमा उल्लेख भए बमोजिम दुर्घटनाको कारणबाट अशक्त र अपाङ्ग भएमा बाँकी बीमा अवधिका लागि बीमालेख अर्न्तगतको बीमा शुल्क भुक्तानी छुट गरिने छ । तर अन्तिम एक वर्षको बीमाशुल्क बीमित स्वयंमले तिर्नुपर्ने छ । यस्तो सुविधा अधिकतम रू. ५,००,०००/- वा कुल बीमाङ्क मध्ये जुन कम हुन्छ सो प्रदान गरिनेछ ।
- जोखिम प्रारम्भ हुने अवस्थाः
  केटाकेटी सावधिक जीवन बीमालेखमा १ वर्ष देखि ७ वर्षसम्म उमेर भएमा बीमितको ७ वर्ष उमेर पुरा भएपछि बीमालेखको पहिलो वार्षिकोत्सव मिति देखि र बीमितको उमेर ८, ९, र १० वर्ष भएमा उनीहरूको उमेर १० वर्ष पुरा भएपछिको बीमाको वार्षिकोत्सव मिति देखि मात्र बीमालेख अन्तर्गत बीमितको मृत्यु जोखिम प्रारम्भ हुनेछ ।
- थप जोखिम बहन सुबिधाः
  जीवन बीमाका ग्राहकको चाहना अनुरूप अतिरिक्त जोखिम बहन सुविधा अन्तर्गत ७ वर्ष भन्दा मुनिका बच्चाहरूको बीमा प्रारम्भ भएको मितिले २ वर्षपछि जोखिम बहन गरिने छ। यो सुविधाका लागि बीमा प्रारम्भ गर्दा कै अवस्थामा एक पटक मात्र थप बीमाशुल्क भुक्तानी गर्नु पर्दछ ।

### ११) NLIC जीवन लक्ष्मी बीमा योजना:

बीमाङ्क रकम : रु १०,०००/- देखि रू. १,००,०००/— सम्म

न्यूनतम प्रवेश उमेर : १६ वर्ष देखि ५० वर्ष सम्म

बीमा अवधि : ७ वर्ष देखि २५ वर्ष सम्म

अधिकतम बीमा समाप्ति उमेर : ६० वर्ष

#### यस बीमा योजनाका विशेषताहरू:

- (सिङ्गल) बीमा अवधिभर बीमालेख चालु रहेमा बीमाङ्क रकम र सो अवधिको बोनस एकमुष्ट भुक्तानी दिने ।
- (डबल) बीमा अवधिभित्र चालु बीमालेख अन्तर्गत बीमितको प्राकृतिक मृत्यु भएमा कुल बीमाङ्कको दुई गुणा रकम र सो अवधि सम्मको आर्जित बोनस एकमुष्ट भुक्तानी दिने ।
- (ट्रिपल) बीमा अवधिभित्र चालु बीमालेख अन्तर्गत दुर्घटनाको कारणबाट बीमितको मृत्यु भएमा कुल बीमाङ्क रकम तीन गुणा र आर्जित बोनस एकमुष्ट भुक्तानी दिने ।
- बीमाशुल्क भुक्तानी एकल, वार्षिक, अर्धवार्षिक, त्रैमासिक, मासिक, पाक्षिक र दैनिक तरिका अनुसार गर्न सकिन्छ ।

# NOTES